# बुढानीलकण्ठ नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

हात्तीगौंडा, काठमाडौं

बागमती प्रदेश, नेपाल

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०८२/०८३

**आदरणीय नगर सभाका सदस्यहरू**

**तथा उपस्थिति सम्पूर्ण महानुभावहरूमा**

**हार्दिक अभिवादन ।**

नेपालको संविधान बमोजिम स्थानीय तहको सरकार सञ्चालनमा हामी दोस्रो कार्यकालको चौथो वर्षमा प्रवेश गरिरहेका छौं ।आज हामी नगरसभाको १६औं अधिवेशनमा उपस्थित भएका छौं । १६औं अधिवेशनको यो गरिमामय अवसरमा सम्पूर्ण नगरसभा सदस्यहरूलाई हार्दिक स्वागत गर्न चाहन्छौं ।

स्थानीय तहको निर्वाचनबाट हामीलाई मतदान मार्फत निर्वाचित गर्नुहुने आदरणीय बुढानीलकण्ठ नगरवासी आमा, बुबा, दाजु भाई तथा दिदीबहिनीहरू सबैमा हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरूमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण सहिदहरू प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधानले परिकल्पना गरेको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको संरचना अनुसार स्थापित स्थानीय सरकारको रुपमा बुढानीलकण्ठ नगरपालिका सेवा प्रवाह, स्थानीय पूर्वाधारको विकास, सामाजिक समावेशिता, आर्थिक समृद्धि र जनउत्तरदायी शासनको सुनिश्चितताका लागि प्रतिबद्ध छौं ।

विगत आर्थिक वर्षमा नगरपालिकाले पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, दिगो सहरीकरण र सूचना प्रविधिमा उल्लेखनीय उपलब्धिहरू हासिल गरेको छ । यिनै उपलब्धिहरूलाई आधार मानेर यस वर्षको नीति तथा कार्यक्रम, विकासका प्राथमिकता र आवश्यकता अनुरूप तय गरिएको छ ।

बुढानीलकण्ठ नगरपालिका स्थापनाको सुरुवातदेखि नै समावेशी, दिगो र जनउत्तरदायी स्थानीय शासन निर्माण गर्ने दृढ सङ्कल्पका साथ अगाडि बढ्दै आएको हामी सबैलाई सर्वविदितै छ। स्थानीय तहको दोश्रो निर्वाचनको विगत तीन वर्षमा नगरपालिकाका लागि संरचनात्मक विकास, सेवा प्रवाहमा सुधार, पूर्वाधार सुदृढीकरण र नागरिक सहभागिता अभिवृद्धिको दृष्टिकोणले महत्वपूर्ण रहेको छ।यस अवधिमा हामीले निर्वाचनमा आम नगरवासी समक्ष प्रस्तुत गरेको घोषणापत्र तथा प्रतिवद्धता अनुरूप आधारभूत स्वास्थ्य सेवा पहुँचमा वृद्धि, शैक्षिक गुणस्तर, गुणस्तरीय स्थानीय सडक सञ्जाल विस्तार, ढल तथा खानेपानी संरचनामा सुधार, वातावरण संरक्षण तथा डिजिटल प्रविधिको

प्रयोगमार्फत सेवा सरलीकरण जस्ता उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन्। नागरिक सुनुवाइ, योजना सहभागिता र सेवा पारदर्शिता प्रवर्द्धन मार्फत उत्तरदायी शासनतर्फ सकारात्मक पाइला चालेका छौं।

नगरपालिकालाई **"आहा बुढानीलकण्ठ"** बनाउन विगतका अनुभव, सिकाइ र नागरिक अपेक्षालाई समेट्दै आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रमले समावेशी, दिगो र समृद्ध नगर निर्माणका लागि बहुआयामिक क्षेत्रलाई समेट्ने प्रयास गरेका छौं । यसका लागि आगामी दुई वर्षभित्र सेवा प्रवाहको गुणस्तर सुधार, स्थानीय अर्थतन्त्रको सुदृढीकरण, युवाशक्ति परिचालन, वातावरणीय दृष्टिकोणमा संवेदनशील तथा फोहोरमैला व्यवस्थापन, पूर्वाधार विकास, सुशासन प्रवर्द्धन र नवप्रवर्तनमैत्री प्रविधिको प्रयोग मार्फत नगरपालिका समृद्धिको यात्रामा थप सशक्त रूपमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहान्छौं।

**"स्वच्छ, शान्त, समृद्ध, पर्यटकीय नगर बुढानीलकण्ठ"** भन्ने मूल मन्त्रका साथ हामीले आगामी आर्थिक वर्ष २०८२/२०८३ का लागि आफ्नो नीति तथा कार्यक्रम प्रस्तुत गर्न लागेका छौं । स्थानीय तहको रुपमा सेवा प्रवाह, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, फोहोरमैला व्यवसथापन, महिला तथा युवा सशक्तीकरण र सुशासन हाम्रो प्राथमिकताका क्षेत्र रहेका छन् ।

विगत आर्थिक वर्षहरूमा हासिल उपलब्धिहरूलाई मजबुत बनाउँदै नगरवासीहरूको जीवनस्तरमा ठोस परिवर्तन ल्याउने उद्देश्यले यो नीति तथा कार्यक्रम तयार पारिएको छ । साथै, आर्थिक, सामाजिक, पूर्वाधार तथा प्राविधिक समृद्धिलाई समेट्ने गरी योजना निर्माण गर्ने हाम्रो ध्येय रहेको छ, जसमा सहभागितामूलक योजना निर्माण प्रक्रिया, पारदर्शिता र जनउत्तरदायित्व सुनिश्चित गरिनेछ ।

आगामी वर्ष नगरको विकास यात्रालाई थप प्रभावकारी बनाउँदै, स्मार्ट सिटीको अवधारणातर्फ अग्रसर हुँदै, वातावरणीय सन्तुलन तथा फोहोरमैला व्यवस्थापन र नवप्रवर्तनशील सोचका साथ अघि बढ्ने दृढ संकल्प यो नीति तथा कार्यक्रम मार्फत व्यक्त गर्दछु ।

## आदरणीय नगरसभा सदस्यहरू

आ.व.२०८२/०८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधार र प्राथमिकताहरू निम्नअनुसार निर्धारण गरेको छु ।

## क. नीति तथा कार्यक्रम तर्जुमाका आधार

१. संविधानले स्थानीय सरकारलाई सुम्पिएका दायित्व, राज्यको मूल नीति तथा निर्देशक सिद्धान्त, मानव अधिकारका सवाल एवम् नागरिकको मौलिक हकको प्रत्याभूति

२. नेपाल सरकार तथा बागमती प्रदेश सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तिय नीति

३. नेपाल सरकारले प्रतिवद्धता जनाएको दिगो विकासको लक्ष्य

४. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित)

५. संघीय तथा बागमती प्रदेश सरकारबाट प्राप्त बजेटका साथै बजेट तर्जुमा गर्दा अनुसरण गर्नुपर्ने मार्गदर्शन

६. नगरपालिकाले स्वीकृत गरेका विभिन्न नीति, कार्यविधि, ऐन र नियमावलीहरू

७. नगरपालिकाको दीर्घकालीन सोच एवं आवधिक योजना, मध्यकालीन खर्च संरचना (MTEF) र राजस्व सुधार कार्ययोजनाको प्रतिवेदन

८. राजस्व परामर्श समितिको प्रतिवेदन

९. स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमान

१०. बजेट तथा योजना तर्जुमा समितिले गरेका सिफारिस

११. नगरपालिकाका विभिन्न विषयगत समितिका प्रतिवेदन

१२. गत वर्ष सम्पन्न भएका नगरसभा बैठकका निर्णयहरू

१३. नगरकार्यपालिकाले योजना तर्जुमाका लागि लिएका आधार

१४. विभिन्न विषयमा विज्ञहरूसँग छलफल गर्दा प्राप्त भएका सुभाव

१५. महाशाखा तथा शाखा एवम् सम्वन्धित विज्ञहरूबाट प्राप्त राय सल्लाह र सुझाव

१६. अन्य स्थानीय तहहरूले अवलम्बन गरेका असल अभ्यास, नीति तथा कार्यक्रम

## ख. नीति तथा कार्यक्रमका प्राथमिकता क्षेत्र

१. गुणस्तरीय स्वास्थ्य सेवा तथा शिक्षा

२. फलदायी दिगो पूर्वाधार निर्माण तथा सन्तुलित विकास

३. सूचना प्रविधि र तिनको अधिकतम उपयोग

४. वन तथा वातावरण संरक्षण, फोहोरमैला तथा विपद् व्यवस्थापन

५. आर्थिक विकास र राजस्व परिचालन

६. पर्यटन क्षेत्रको विकास र प्रवर्द्धन

७. खानेपानी श्रोतको संरक्षण तथा व्यवस्थापन

८. सार्वजनिक जग्गाको संरक्षण

९. प्रशासनिक पुनर्संरचना तथा संस्थागत सुशासन

१०. भाषा, सस्कृति,कला, साहित्यको संरक्षण, प्रवर्द्धन र विकास

११. उद्यम, स्वरोजगारी र सहकारीताको विकास

१२. युवा शक्ति तथा खेलकुदको प्रवर्द्धन

१३. कृषि तथा पशुपक्षी क्षेत्रको व्यवसायिक विकास, उत्पादकत्वमा अभिवृद्धि, बजारीकरण तथा व्यवसायिकीकरण

१४. जनसांख्यिक लाभको उच्चतम उपयोग र समावेशीकरण तथा महिला तथा सिमान्तकृत समुदायको मूलप्रवाहीकरण

## आदरणीय नगरसभा सदस्यहरू

संघ तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम, १६ औं आवधिक योजना, दिगो विकासको लक्ष्य, बागमती प्रदेशको दोस्रो आवधिक योजना समेतलाई आधार मानी यो

नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ। यसलाई कार्यान्वयन गर्न संघ तथा प्रदेश सरकारबाट प्राप्त स्रोत तथा आन्तरिक स्रोतको व्यवस्थापनबाट प्रस्तुत नीति तथा कार्यक्रमलाई कार्यान्वयन गरिनेछ।

## १. सामाजिक विकास

### क. स्वास्थ्य

१. नगर अस्पताललाई नागरिक तथा जनमैत्री आधारभूत अस्पतालको रुपमा विकास गरी विज्ञका सेवा सहित सरल, सहज, प्रविधिमैत्री, सर्वसुलभ रुपमा २४ सै घण्टा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

२. न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) अनुसारका व्यवस्थाहरूलाई प्राथमिकतामा राख्दै, औषधि उपकरण, ल्याव, रेडियो इमेजिङ्ग, एम्बुलेन्स लगायत अस्पताल सञ्चालनका लागि आवश्यक सामग्रीहरूको व्यवस्थापन गरिनेछ।

३. बुढानीकण्ठ नगर अस्पतालमा फिजियो थेरापी, Birthing Centre, सुरक्षित गर्भपतन, Minor operation, दन्त सेवा, नवजात शिशु तथा बालरोग लगायतका सेवाहरू सञ्चालन गर्दै लगिनेछ साथै विशेषज्ञ चिकित्सक सहितको OPD सेवा सुरुवात गरिनेछ।

४. नगर अस्पताल सञ्चालनका लागि आवश्यक कम्पाउण्ड वाल,चमेना गृह,पार्किङ्ग, Water treatment plant, Drainage treatment plan र अन्य आवश्यक संरचनाको निर्माण एवं मर्मत सम्भार गरिनेछ ।

५. बुढानीलकण्ठ नगर अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC:One Stop Crisis Management Centre) सेवा सञ्चालन गरिनेछ ।

६. सामाजिक सुरक्षाकोष (Social Security fund) बाट भुक्तानी हुने स्वास्थ्य सेवालाई कोषको कार्यालयसँग समन्वय गरी बुढानीलकण्ठ नगर अस्पतालसँग आवद्धताको सुरुवात गरिनेछ ।

७. बुढानीलकण्ठ नगर अस्पतालबाट प्रेषण (Refer) गरिएका विरामीहरूलाई विभिन्न अस्पतालहरूमा सहुलियत दरमा स्वास्थ्य उपचार गर्ने व्यवस्था मिलाईनेछ।

८. नगर अस्पताल लगायत स्वास्थ्य चौकीहरूको पूर्वाधार, औषधि तथा उपकरणको व्यवस्था र संस्थागत सुधार गरी आधारभूत गुणस्तरीय स्वास्थ्य सेवामा सवैको सहज पहुँच हुनेगरी प्रभावकारी सेवा उपलव्ध गराइने छ ।साथै, विपन्न, अपाङ्गता भएका हिंसा पीडित, एच.आई.भि संक्रमित, ज्येष्ठ नागरिकलाई सहुलियत पूर्ण उपचारको प्रवन्ध गरिनेछ।

९. स्वास्थ्य वीमा कार्यक्रमलाई ब्यवस्थित बनाई विमितहरूको संख्यामा वृद्धि गर्ने खालका समुदायस्तरमा जनचेतना फैलाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. नसर्ने रोगको प्रकोप न्यूनिकरणका लागि स्वास्थ्य प्रवर्धनात्मक सेवामा विशेष जोड दिइनेछ । यसका लागि निदानात्मक र उपचारात्मक सेवा विस्तार गरिनेछ ।

११. बर्थिङ्ग सेन्टरलाइ स्तरीकरण गर्दै गर्भवती आमालाइ निःशुल्क Ultra Sound र गर्भ परीक्षण गर्ने कार्य प्रभावकारी बनाइनेछ ।

१२. नगर अस्पताल र नगर भित्रका बर्थिङ्ग सेन्टरमा सुत्केरी भएका महिलालाई गुणस्तरीय न्यानो प्रसूति झोला र जनही रु. ३१००।— (तिन हजार एक सय मात्र ।) प्रसूति पोषण भत्ता उपलब्ध गराइनेछ । साथै गर्भवती तथा आमा सुरक्षा कार्यक्रम लागू गरिनेछ ।

१३. प्रत्येक वडामा किशोर किशोरी, नवदम्पती, परिवार हेरचाह ज्येष्ठ नागरिकको लागि विशेष स्वास्थ्य प्रवर्द्धन कार्यक्रम लागू गरिने छ । साथै, ज्येष्ठ नागरिक स्वास्थ्य प्रवर्धन सहयोगी पुस्तिका सवै ज्येष्ठ नागरिकको हातमा उपलब्ध गराइने छ ।

१४. सवै वडामा लागु औषध दुर्व्यसन विरुद्ध रोकथाम, नियन्त्रण तथा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।नगरपालिका भित्र

सञ्चालित फार्मेसी,स्वास्थ्य संस्था, क्लिनिक तथा पुनर्स्थापना गृहहरूको नियमित अनुगमन/नियमन गरी सेवा प्रभावकारीतामा जोड दिइनेछ ।

१५. विभिन्न पेशागत व्यवसायमा कार्यरत श्रमिकहरूका लागि स्वास्थ्य परीक्षण, पेशागत स्वास्थ्य प्रवर्द्धन तथा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. नागरिक आरोग्य केन्द्र मार्फत दिइदै आएको सेवालाई थप व्यवस्थित र सुदृढीकरण गरी आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवालाई प्राथमिकता सहित सञ्चालन गरिनेछ ।

१७. महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको निरन्तर क्षमता अभिवृद्धि गर्दै, निजहरूको सेवालाई प्रभावकारी बनाइनेछ। साथै, ६० वर्ष उमेर पुगेका महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरूलाई निर्देशिकाको आधारमा सम्मानपूर्वक विदाई गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८. नगरपालिका अन्तर्गतका ३०-६० वर्षका कामकाजी उमेर समूहलाई नसर्ने रोगहरूको निःशुल्क पूर्वपरीक्षण गर्ने व्यवस्था मिलाइनेछ, साथै जैविक प्रतिरोधात्मक (Anti-Microbial Resistance) सम्वन्धी जनचेतना कार्यक्रम सञ्चालन गराइने छ ।

१९. बुढानीलकण्ठ नगरपालिकाका सामुदायिक विद्यालयहरूको चमेना गृह नियमित अनुगमन गरी विद्यार्थीहरूमा स्वस्थकर खाजाको प्रत्याभूति गरीने छ ।

२०. **"मेयरसँग ज्येष्ठ नागरिक कार्यक्रम"** अन्तर्गत ६० वर्ष माथिका ज्येष्ठ नागरिकहरूको लागि विशेषज्ञ चिकित्सकहरूद्वारा निःशुल्क स्वास्थ्य परीक्षण (आँखाजाँच तथा मोतियाबिन्दुको शल्यक्रिया लगायत) गर्ने व्यवस्था मिलाइनेछ।

२१. विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालयहरूमा विद्यार्थीहरूको "मुटु र मुख" स्वास्थ्य परीक्षण, स्वास्थ्य प्रर्वद्धन, नसर्ने रोगको रोकथाम एवं अनुसन्धानात्मक कार्यहरू गरिनेछ।

२२. नगरपालिकाको Digitalized Family Health Profile तयार गर्ने कार्यलाई नगरपालिकाको सवै वडामा निरन्तरता दिई, नीति निर्माण तथा योजना तर्जुमासँग आवद्ध गरिनेछ।

२३. सुर्तीजन्य र मदिराजन्य पदार्थको विक्री वितरणको नियमित अनुगमन गरी नियम परिधिभित्र रहि विक्रि वितरण गर्ने व्यवस्था गरिनेछ ।

२४. नगर क्षेत्रभित्र स्थायी रुपमा वसोवास गर्ने आर्थिक रुपमा विपन्न जलन भएका बिरामीहरूको निःशुल्क उपचारको व्यवस्था मिलाइनेछ। साथै जलन सम्बन्धी सचेतना कार्यक्रम सवै वडाहरूमा सञ्चालन गरिनेछ।

२५. क्षयरोग मुक्त नगरपालिका बनाउनका लागि जनस्वास्थ्यका विभिन्न कृयाकलाप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२६. बुढानीलकण्ठ नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा स्थापना भएको स्वास्थ्य शिक्षा कर्नरलाई व्यवस्थित बनाइनेछ।

२७. वञ्चीतिकरण परेका समुदाय तथा सेवाग्राहीहरूको पहिचान गर्ने र सेवामा निरन्तता दिने, आमासमुह तथा महिलालाई सुदृढ गराउन महिला स्वास्थ्य स्वंय सेविकाहरूलाई थप उत्प्रेरित गरिनेछ।

२८. विद्यमान स्वास्थ्य संस्थाहरूको नक्साङकन गरी रणनीतिक स्थानमा जनसङ्ख्याको आधारमा मर्जरको नीति लिइनेछ।

२९. नागरिकहरूलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सुलभ पहुँच सुनिश्चित गर्न सरोकारवाला संस्थासँग समन्वय र सहकार्य गरी अध्ययन अनुसन्धान कार्यहरू गरिनेछ।

३०. नगर अस्पतालमा पाठेघरको मुखको क्यान्सरको पूर्वपरीक्षण (VIA Screening) Breast cancer को पूर्वपरीक्षण कार्यक्रम निःशुल्क सञ्चालन गरिनेछ ।

३१. चपली घुम्तीमा रहेको बुढानीलकण्ठ स्वास्थ्य चौकीको स्तरीकरण गरिनेछ र सुलभ फार्मेशी सञ्चालनमा ल्याइने छ ।

३२. स्वास्थ्य प्रकोप जोखिम न्युनिकरण तथा निवारणका लागि विशेष स्वास्थ्य सामाग्री र तालिम प्राप्त स्वयंसेवहरूको व्यवस्थापन गरिनेछ ।

३३. नगरवासीहरूलाई निःशुल्क रक्तसेवा उपलब्ध गराइनेछ । यसका लागि रक्तसञ्चारगृहसँगको सहकार्यलाई निरन्तरता दिइनेछ।

३४. अशक्त,अपाङ्गता,ज्येष्ठ नागरिक तथा गम्भिर विरामीहरूका लागि **"Nursing Service with Ambulance"** कार्यक्रम सञ्चालन गरिनेछ ।

३५. सडक, पुल, पेटी भवन लगायत पूर्वाधार निर्माणमा स्वास्थ्य जोखिम नहुनेगरी निर्माण गर्ने नीति ल्याइनेछ ।

३६. सवै विद्यालयमा प्राथमिक उपचार तालिम दिइनेछ ।

३७. आमा समूह/महिला समूह लक्षित गरी घरको कार्यमा प्रयोग हुने सानातीना हातहतियार र विद्युत सामाग्रीहरूबाट हुन सक्ने जोखिमका सम्बन्धमा Injury prevention awareness and treatment सम्बन्धी अभिमुखीकरण तालिम दिइनेछ ।

३८. सुरक्षित र सफा भान्छा कार्यक्रम मार्फत व्यक्तिगत तथा पारिवारिक स्वास्थ्य प्रर्वद्धनको लागि कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

३९. नगरपालिकामा निरन्तर कार्यरत स्वास्थ्यकर्मीहरूलाई विशेष प्रोत्साहन गरिनेछ र मूल्याङ्कनको आधारमा उत्कृष्ट स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिनेछ ।

## ख. शिक्षा

१. शैक्षिक उन्नयन वर्षका क्रियाकलापहरूलाई निरन्तरता दिइनेछ।

२. सार्वजनिक शिक्षाको गुणस्तरमा सुधार गरी विद्यार्थी र अभिभावकको पहिलो रोजाइको विद्यालयका रुपमा सामुदायिक विद्यालयहरूको विकास गरिनेछ। राज्यकोषबाट पारिश्रमिक लिने तथा जनप्रतिनिधिका सन्ततिलाई सामुदायिक विद्यालयमा पठनपाठन गर्न प्रोत्साहित गरिनेछ ।

३. सामुदायिक विद्यालय र संस्थागत विद्यालयबिचको साझेदारी र सहकार्यलाई अझ प्रगाढ बनाउँदै सामुदायिक र संस्थागत विद्यालयबिचको असल अभ्यासहरूलाई एक अर्कोको सिकाइ र अनुसरणमा जोड दिदै दुई प्रकारका विद्यालयवीचको खाडल न्यूनीकरण गरिनेछ । लिडर फिडर विद्यालय अवधारणा कार्यान्वयन गरी विद्यालय शिक्षाको सवलीकरण गरिनेछ ।

४. सबै विद्यालयमा न्यूनतम क्षमताको अवस्था सुनिश्चित गरिनेछ (पर्याप्त कक्षाकोठा/पिउनेपानी/सफा शौचालय/पुस्तकालय/प्रयोगशाला/खेलमैदान)।पूर्व प्राथमिक विद्यालयलाई शैक्षिक सुधार र गुणस्तर वृद्धिको प्रस्थान विन्दुका रुपमा आत्मसात गरी ECD सुधार कार्यक्रम सुरुवात गरिनेछ ।

५. विद्यालयमा सम्मानजनक र मनोरञ्जनात्मक, सिकाइ बालमैत्री विद्यालय पूर्वाधार विकास गरी सबै विद्यालयलाई बालमैत्री विद्यालय घोषणा गरिनेछ ।

६. शिक्षक बैंकमा थप शिक्षक उम्मेदवार सूचीकृत गरी शिक्षक आपूर्तिमा देखिएको समस्यालाई न्यूनीकरण गरिनेछ।शिक्षक उत्प्रेरणा र मनोवल वृद्धिका साथै शिक्षक पेशागत विकासको आयामका रुपमा शिक्षकको गतिशील व्यवस्थापन गरिनेछ ।

७. शिक्षा ऐन र पूर्व प्राथमिक विद्यालय सञ्चालन मापदण्ड तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

८. विद्यार्थीको सिकाइ उपलव्धि अभिवृद्धि गर्न कक्षाकोठाको शिक्षण सिकाइमा रुपान्तरण गरिनेछ साथै शिक्षक अभिभावक संघसँगको सहकार्यमा अभिभावक शिक्षालाई नतिजामूलक ढङ्गले कार्यान्वयन गरिनेछ । शैक्षिक तथ्याङ्कलाई प्रभावकारी रुपमा व्यवस्थापन गर्न अन्तरक्रियात्मक वेबसाइट निर्माण गरिनेछ ।

९. **"आधारभूत शिक्षा, मेरो प्राथमिकता"** भन्ने नारा सहित वि. सं. २०८५ सम्ममा सबै नागरिकलाई आधारभूत तहको शिक्षा पूरा गराउने गरी, आधारभूत तह पूरा नगरेका ४०० जना प्रौढ नागरिकलाई नगरपालिका साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. **"प्रत्येक वडा, एक पुस्तकालय"** कार्यक्रम सञ्चालन र व्यवस्थापन गरी ज्ञानमा आधारित समाजको विकास गर्न समुदाय स्तरबाट पठन संस्कृतिको विकास गरिनेछ ।नगरस्तरीय सुविधाजनक पुस्तकालय स्थापना गरिनेछ र नगरपालिका भित्र रहेका ठुला पुस्तकालयसँग समेत साझेदारीमा पठन संस्कृति अभियानको सञ्चालन गरिनेछ ।

११. अभिभावक र विद्यार्थीको अपेक्षालाई कदर गर्दै विद्यालयको शिक्षण पद्धतिमा रुपान्तरण गर्न सबै विद्यालयमा शैक्षिक सत्र २०८३ बाट खुशी पाठ्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

१२. नगरपालिका शैक्षिक पुरस्कार कार्यक्रम अन्तर्गत नगर शिक्षक पदक तथा सामुदायिक र संस्थागत विद्यालयलाई एकिकृत रुपमा मूल्याङ्कन गरी वर्ष विद्यालय, वर्ष शिक्षक पदक र वर्ष विद्यार्थी छनोट गरी प्रोत्साहन गरिनेछ ।

१३. आपसमा गाभिएर सञ्चालन हुन इच्छुक संस्थागत विद्यालयहरूलाई प्रोत्साहन प्रदान गरिनेछ । प्रत्येक संस्थागत विद्यालयमा न्यूनतम् पूर्वाधार मापदण्ड लागु गरिनेछ ।

१४. सबै विद्यालयहरूलाई सामाजिक सुरक्षाकोष प्रणालीमा आवद्ध हुन प्रोत्साहित गरिनेछ ।

१५. असल शैक्षिक अभ्यासको आदान प्रदानलाई संस्थागत गरी यस नगरपालिकालाई शिक्षाको Hub का रुपमा विकास गर्न अन्तरपालिका शैक्षिक साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१६. विभिन्न कारणले विद्यालय शिक्षा निरन्तरता दिन नसकेका विद्यालय बालबालिकाहरूलाई लक्षित माध्यामिक तहसम्मको शिक्षाको सुनिश्चितता गर्न "मेरो नगरपालिका, मेरो अभिभावक" कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१७. अटिजम लगायतका शारीरिक मानसिक तथा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूका शिक्षाको सुनिश्चतता गर्न "मलाई अवसर देउ, म सिक्न सक्छु" कार्यक्रम सञ्चालन गरिनेछ ।

१८. शिक्षा, सीप, संस्कृति, उद्यमशिलता र खेलकूदलाई एकिकृत गरी रमाइलो शुक्रबार कार्यक्रमलाई नतिजामूलक रुपमा सञ्चालन गरिनेछ साथै विद्यालय ब्राण्डिङ कार्यक्रमलाई निरन्तरता दिइएको छ ।

१९. जिपिए ४/शतप्रतिशत ए प्लस ल्याउने विद्यार्थी र सामुदायिक विद्यालयलाई प्रोत्साहित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. साझेदार संघ संस्था र निकायहरूसँगको सहकार्यमा विद्यालयहरूमा शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. विपन्न, दलित, जनजाति, जेहेन्दार, विशेष क्षमता/अपाङ्गता भएका विद्यार्थीहरूको शैक्षिक यात्रालाई गन्तव्यमा पुर्याउने गरी विद्यालय तथा विभिन्न संस्थाबाट प्रदान गरिने छात्रवृत्तिलाई एकिकृत गरी छात्रवृत्ति बैंक सञ्चालन गरिनेछ ।साथै विपन्न, दलित, जेहेन्दार, विशेष क्षमता भएका विद्यार्थीहरूको उच्च प्राविधिक शिक्षासम्ममा पहुँच सुनिश्चित गर्न विशेष छात्रवृत्ति कोष स्थापना गरी कार्यान्वयनमा ल्याइनेछ ।

२२. प्रतिभा बुढानीलकण्ठ कार्यक्रमलाई विद्यालयस्तरमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२३. मातृभाषा शिक्षा, गृहीणी शिक्षा, सँस्कृति, गुरुकुल शिक्षा र प्राविधिक तथा अनौपचारिक शिक्षालाई प्रोत्साहन सहित निरन्तरता दिइनेछ।

## ग. युवा

१. "स्वदेशमा बसौं स्वदेशमा गरौं" भन्ने नारा सहित युवाहरूको रुचि र खुवीको आधारमा वृत्तिपथ निर्धारण गरी साइकोमेट्रिक टेष्ट र CTEVT द्धारा निर्धारित पाठ्यक्रममा आधारित सीप विकास तथा रोजगारमूलक तालिम लगायतका क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

२. रोजगारदाता र बेरोजगार युवाहरूबिच स्वचालित अन्तरक्रिया र रोजगारीका लागि सहकार्य प्रबर्द्धन गर्ने गरी रोजगार पोर्टललाई अत्याधुनिक वनाई कार्यान्वयन गरिनेछ ।

३. प्राविधिक उच्च शिक्षामा भर्ना भई नियमित रुपमा उतीर्ण हुन सफल विद्यार्थीहरूलाई छात्रवृत्तिको माध्यमवाट प्रोत्साहन गरिनेछ ।

४. स्थानीय स्तरमा रोजगारीका अवसर वृद्धि गरी युवा बेरोजगारी न्यूनीकरण गर्न कक्षा १२ र स्नातक तहको परीक्षा दिइ वसेका विद्यार्थीहरूलाई विभिन्न साझेदार निकायहरूसँग सहकार्य गरी सिपमुलक तालिम तथा इन्टर्न कार्यक्रम सञ्चालन गरिनेछ ।

५. वृत्ति मार्गदर्शन सेवा केन्द्रलाई प्रभावकारी रुपमा सञ्चालन गरी रोजगार तथा वृत्ति मेलालाई नतिजामूलक बनाइनेछ ।

६. उद्यम तथा स्वरोजगारलाई प्रबर्द्धन गर्न स्टार्ट अप (Start Up) फण्डको प्रवन्ध गरिनेछ। विभिन्न वित्तिय संस्थाहरूसँग सहजीकरण गरी उद्यम विकास तथा व्यवसाय सञ्चालनका लागि वित्तीय पहुँच सुनिश्चत गरिनेछ ।

७. नगरपालिका भित्र रहेका प्रतिभाहरूको पहिचान गरी प्रतिभा विकास गर्नका लागि विद्यालयस्तर देखिनै बुढानीलकण्ठ प्रतिभा कार्यक्रम सञ्चालन गरिनेछ ।

८. किशोरी र गृहणी महिलाहरूलाई सीप तथा उद्यमशि विकास कार्यक्रम मार्फत आर्थिक उपार्जन एवं आत्मनिर्भर बनाउन कार्यक्रम सञ्चालन गरिनेछ ।

९. नगरपालिका भित्रका युवालाई लक्षित गरी यहाँको सम्भावना अवसरहरूको सञ्चार गर्न युवा परिषद मार्फत **"बुढानीलकण्ठ युथ समिट"** गरिनेछ ।

१०. युवा परिषदलाई सक्रिय बनाई नगर युवा परिषद तथा वडा युवा परिषदमा युवा सहभागीहरू मार्फत बुढानीलकण्ठ म्याराथन,लागूऔषध दुर्व्यसनी न्युनिकरण, नीति संवाद तथा सूचना प्रविधि सम्मेलन कार्यक्रम सञ्चालन गरिनेछ ।

११. नगर भित्र रहेका जेन×जी पुस्ता (सन् १९९७ देखि २०१२ बीच जन्मिएका जो अहिले १२ देखि २८ बर्ष उमेर समुहमा रहेका छन्)

जो अहिलेका युवा मात्रै नभई नजिकको भविष्यका कर्णधार पनि भएकाले उनिहरूको क्षमता विकास गर्दै उत्पादनशील क्षेत्रमा लगाउन नवप्रर्वतनशील कार्यक्रम संचालन गरिनेछ ।

१२. **"युवासँग नगर कार्यक्रम"** मार्फत युवाहरूको क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।

## घ. खेलकुद

१. नगरपालिकामा रहेका प्रतिभावान खेलाडीलाई प्रोत्साहित गर्न **"म खेलाडी हुन चाहन्छु, मलाई खेल्ने अवसर देउ"** कार्यक्रम सञ्चालन गरिनेछ ।

२. एक वडा, एक नगरस्तरीय खेलकुद पूर्वाधार सहित प्रत्येक वडामा विशिष्टिकृत खेलकुद मैदान निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।

३. आधारभूत तहमा फुटवल तथा वास्केटवल र माध्यामिक तहमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ ।

४. खेलकुदका विभिन्न विधा समावेश गरी वडास्तरमा वडाध्यक्ष कप र वडा अध्यक्ष कपका विजेता बीच नगरस्तरमा मेयरकप कार्यक्रम सञ्चालन गरिनेछ ।

५. नगर खेलकुद विकास समितिको समन्वयमा नगरपालिका भित्र सक्रिय खेल विधामा नगरस्तरीय खेलकुद उत्सवका रुपमा "नगर शिल्ड" खेलकुदको आयोजना गरिनेछ ।

६. नगरपालिका भित्र निर्माणको क्रममा रहेका खेल मैदानहरूलाई यथासक्य छिटो सञ्चालनमा ल्याइनेछ, साथै निर्माण भैसकेका खेलमैदानहरूको अधिकतम उपयोग मार्फत अन्तर्राष्ट्रिय स्तरमा बुढानीलकण्ठको प्रतिनिधित्व गर्न सक्ने खेलाडी उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ ।

७. नगरपालिका क्षेत्रभित्र रहेका कपन ह्याण्डवल, बुढानीलकण्ठ खेल मैदान, सुवर्ण शमशेर क्रिकेट मैदान,मुहान पोखरी फुटवल मैदान, च्यानेखोला फुटवल मैदान, चुनिखेल खेल मैदान, जगडोल

व्याटमिन्टन कोर्ट, फुटवल तथा बास्केटबल खेल मैदान, गाम्चा फुटवल मैदान, च्यासिन्डोल कभर्ड हल लगायतका मैदानहरूको पूर्वाधार निर्माण व्यवस्थित गरिनेछ र नगरपालिका भरी रहेका सबै खेलमैदान, कभर्ड हल लगायतका खेल संरचनाहरू नगरपालिकाको मातहतमा रहने गरी सञ्चालन गरिनेछ ।

८. राष्ट्रिय,अन्तर्राष्ट्रिय क्षेत्रीयस्तरमा पदक जितेर उत्कृष्ट खेलाडीको पहिचान बनाएका योग्य एवं क्षमतावान खेलाडीलाई बुढानीलकण्ठ खेलकुद पुरस्कार मार्फत प्रोत्साहित गरिनेछ ।

९. अपाङ्गता मैत्री खेलकुद कार्यक्रमहरू सञ्चालन गर्न अपाङ्गता खेलकुद पार्क निर्माण गरिनेछ ।

## ङ. जनसङ्ख्या तथा सामाजिक समावेशीकरण

१. विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानताबाट नगरपालिकाको जनसंख्याको वृद्धि, संरचना, वितरण तथा बसाईसराई जस्ता जनसंख्या सम्वन्धी परिसूचकहरूको प्रभावलाई नजर गरी नगरपालिकाको मानव विकास सम्बन्धी नीति तर्जुमा गरिनेछ ।

२. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसंख्यकको हक अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक कानूनी, नीतिगत एंव संरचनागत व्यवस्था निर्माण र सुदृढीकरणलाई निरन्तरता दिइनेछ ।

३. नगरपालिका र ज्येष्ठ नागरिक समाजको सहकार्यमा ज्येष्ठ नागरिकको हक अधिकारको संरक्षण प्रवर्द्धन तथा निजहरूप्रति श्रद्धा,उच्च आदर तथा सद्भाव अभिवृद्धिका कार्य गर्नको साथै राज्यद्वारा प्रदत्त सेवा सुविधाको उचित व्यवस्थापन र सहज पहुँच प्रत्याभूति गरिनेछ, साथै ज्येष्ठ नागरिकहरूमा रहेका ज्ञान, सीप, क्षमता, अनुभव र विज्ञताको सदुपयोग गरिनेछ।

४. नगरपालिकाको विकास र समृद्धिका लागि ज्येष्ठ नागरिकसँग बालवालिका कार्यक्रम मार्फत अन्तरपुस्ता सीप हस्तान्तरण गरी सामाजिक पूँजीको विकास गर्दै ज्येष्ठ नागरिकका अनुभव तथा

भोगाइ सम्बन्धी लेख, रचना लिपीबद्ध गरी संग्रहित गर्ने कार्य व्यवस्थित गर्दै लगिनेछ ।

५. ज्येष्ठ नागरिकको शारीरिक र मानसिक स्वास्थ्यका लागि ज्येष्ठ नागरिक स्वास्थ्य शिविर, मनोविमर्श सेवा, तिर्थाटन भ्रमण, मनोरञ्जनात्मक खेल,शारिरीक व्यायाम, योग शिविर जस्ता कृयाकलापलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ ।

६. ८५ वर्ष माथिका तथा अशक्त असहाय ज्येष्ठ नागरिकलाई घरदैलोमै गई सम्मान, आधारभूत स्वास्थ्य परीक्षण, निशुल्क प्रदान गरिने औषधि र पोषणयुक्त खाना सहित आमाबुबा आरोग्यता कार्यक्रम निरन्तरता दिइनेछ।

७. अपाङ्गता भएका व्यक्तिहरूको हक अधिकारको संरक्षण, संवर्द्धन र मर्यादित जीवनको प्रत्याभूतिको लागि आवश्यकता र क्षमता अनुसारको सीप,क्षमता अभिवृद्धि लगायत अपाङ्गता विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

८. सरोकारवाला निकायहरूको सहकार्यमा अपाङ्गता भएका व्यक्तिलाई आवश्यक पर्ने स्वास्थ्य सहायता सामाग्री निःशुल्क उपलब्ध र प्रयोग गराउने व्यवस्था मिलाइनेछ।

९. अपाङ्गता भएका बालबालिकाको विशेष हेरचाह,व्यक्तिगत विकासका लागि शिक्षा, स्वास्थ्य स्याहार सेवा सुनिश्चितताको लागि समावेशी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

१०. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा लैंगिक अल्पसङख्यक मानव अधिकार सम्वन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय कानून सम्झौताको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

११. महिला, लक्षित वर्गको सम्मानका रुपमा अवसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चत गर्न लैंगिक समानता र समावेशीकरणको नीति अवलम्वन गरिनेछ । सारभूत लैंगिक समानता प्रासिको लागि पुरुष सहभागितामा जोड दिइनेछ ।

१२. लैङ्गिक समानता तथा सामाजिक समावेशी उत्तरदायी बजेट परीक्षण पद्धतिलाई निरन्तरता दिइनेछ ।

१३. महिलाहरूको वैयक्तिक आर्थिक तथा सामाजिक सशक्तीकरणका लागि क्षमता, सीप तथा उद्यम विकासका कार्यक्रमलाई निरन्तरता दिइनेछ। दलित, एकल, अपाङ्गता भएका, HIV/AIDS प्रभावित, एसिड पीडित, द्वन्द्व प्रभावित महिलाका लागि जीविकोर्पाजन सुधार कार्यक्रम र नगरसँग विपन्न कार्यक्रम सञ्चालन गरिनेछ।

१४. महिला, बालबालिका, किशोरी, यौनिक तथा अल्पसंख्यक प्रति हुने सबै किसिमका हिंसा, दुर्व्यवहार, विभेद, शोषण उपेक्षाको अन्त्य, मानव बेचविखन तथा ओसारपसारको रोकथाम, बाल श्रम विरुद्ध, लागुपदार्थ दुर्व्यसन, साइवर सुरक्षा सम्बन्धी सचेतना अभियान सञ्चालन गरिनेछ।

१५. सरोकारका निकायको समन्वय सहकार्यमा हिंसा पीडित महिला बालबालिकाको तत्काल उद्धार, संरक्षण, राहत, कानूनी सहायता, स्वास्थ्य र मनोसामाजिक सेवा, पुनर्स्थापनाको व्यवस्था गरिनेछ ।

१६. बुढानीलकण्ठ नगर अस्पतालमा मनोपरामर्श सहायता कक्ष सञ्चालन गरिनेछ।

१७. सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार प्रवर्द्धन गर्न नगरसँग महिला स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।

१८. लक्षित समूहलाई लैंगिक हिंसा निवारण कोष, बाल कोष, एकल महिला सुरक्षा कोष परिचालन प्रभावकारी बनाइनेछ।

१९. महिला समूह, समिति, संस्थाहरूको प्रभावकारी परिचालनबाट समुदायस्तरमा महिला सशक्तीकरण तथा सामाजिक सचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।

२०. बाल अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन र बालमैत्री स्थानीय शासन प्रर्वद्धनका लागि कानूनी, संरचनागत र कार्यक्रमगत व्यवस्था गरी बालमैत्री नगरपालिका घोषणा कार्यान्वयन गरिनेछ ।

२१. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आवश्यकता अनुसार सरोकारवाला निकायहरूको समन्वय र सहकार्यमा उद्धार, संरक्षण, पुर्नस्थापना, वैकल्पिक हेरचाह र पारिवारिक सहयोग लगायतका सेवा सहयोग उपलब्ध गराइनेछ।

२२. बाल अधिकारको संरक्षण तथा प्रवर्द्धन र बाल सहभागिता प्रवर्द्धनका लागि बाल क्लव र संस्था र बाल सञ्जाल गठन दर्ता तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ साथै बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने निकायहरूमा बाल संरक्षण मापदण्ड लागू गरी कार्यान्वयन गरिनेछ।

२३. मानवसेवा आश्रम लगायत अन्य सरोकारवाला संस्थाहरूको समन्वयमा सहयोगापेक्षी बुढानीलकण्ठ सडक मानव मुक्त अभियानलाई निरन्तरता दिइनेछ।

२४. टोल विकास संस्था, महिला समुह, विभिन्न क्लब लगायतका सामुदायिक संस्थाहरूसँगको समन्वय सहकार्यमा सामाजिक रुपान्तरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

२५. सामाजिक शक्तिको रुपमा रहेका नागरिक समाज तथा टोल विकास संस्थाले गरेका असल अभ्यासलाई प्रोत्साहन दिनुका साथै टोल विकास संस्थाको गठन तथा क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ।

२६. नगरपालिकाको नीति तर्जुमा गर्दा विद्यमान आर्थिक, सामाजिक तथा लैङ्गिक असमानताबाट नगरपालिकाको जनसंख्याको वृद्धि, संरचना, वितरण तथा बसाईसराई जस्ता जनसंख्या सम्बन्धी परिसूचकहरूलाई मध्यनजर गरिनेछ ।

२७. हिंसा पीडितहरूको सुनुवाइका लागि नगर अस्पतालमा प्राथमिक स्वास्थ्य परीक्षण, मनोपरामर्श सहितको व्यवस्थित अब्जर्भेसन कक्ष बनाइनेछ ।

२८. महिला, दलित, असहाय तथा अपागंता भएका व्यक्तिहरूको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका लागि समूह तथा समिति

गठन, परिचालन, नेतृत्व, सचेतना र आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

२९. बुढानीलकण्ठ नगरपालिका भित्र दलित/उत्पीडित उत्थान विशेष कार्यक्रमहरू सञ्चालन गरिने छ ।

३०. नगरपालिका भित्र बसोवास गर्ने राजनीतिज्ञ, समाजसेवी, विद्धान, बुद्धिजिवी, शिक्षक, प्राध्यापक, प्रशासक, विशेषज्ञ एवं पूर्व राष्ट्रसेवकहरूको सिर्जनात्मक सल्लाह सुझावलाई ग्रहण गरी नलेज बैंकको रुपमा नगरको विकासमा उपयोग गरिनेछ ।

३१. खुला स्थानमा माग्दै हिंड्ने प्रवृत्तिको अन्त्यका लागि "काम गरी खान वा परिवारमा जान" प्रोत्साहित गरिनेछ ।

३२. बाबुआमाको संरक्षण नभएका असहायहरूको लालनपालन र अनिवार्य तथा निःशुल्क शिक्षाको व्यवस्था मिलाइनेछ ।

३३. नगरपालिकाको कार्यालयमा बालमैत्री पुस्तकालय र बालबालिका खेलकूद पार्क निर्माण कार्य अगाडी बढाइनेछ ।

३४. बालबालिका स्थिति प्रतिवेदन तयार गरी बालमैत्री नगरपालिका घोषणा गरिनेछ ।

३५. किशोरकिशोरी सचेतना तथा सामाजिक परिचालकका रूपमा विकसित गर्न नगरसँग किशोरकिशोरी कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. हिंसापीडित महिला तथा किशोरीहरूलाई लक्षित गरी एकद्धार संकट व्यवस्थापन प्रणाली अन्तर्गत OCMC सेन्टर नगर अस्पतालमा स्थापना गरिनेछ र हिंसामा परेका महिला तथा किशोरीहरूलाई अस्थायी रुपमा सुरक्षित सेवा प्रदान गर्न Safe house को निर्माण गरिनेछ।

३७. Food and Cloth Bank स्थापना गरी अति आवश्यक भएका व्यक्तिलाइ पारदर्शी ढगंले वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३८. सन्तती विदेशमा भई आकस्मिक उपचार गर्नुपर्ने बाबुआमालाई आवश्यकता अनुसार सेवा दिन नगरसँग बाबुआमा कार्यक्रम सञ्चालन गरिनेछ ।

## च. भाषा, कला, साहित्य, संस्कृति

१. बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठानको भवन निर्माण गरी सो प्रतिष्ठान मार्फत नगरपालिका भित्रका भाषा, साहित्य, सम्पदा, संस्कृति र कलाको सर्वेक्षण, अभिलेखन, सम्वर्द्धन, प्रवर्द्धन गरी यथोचित प्रचार प्रसार गरिनेछ ।

२. धार्मिक/सांस्कृतिक परम्परा अनुसार स्थानीयस्तरमा मनाउँदै आइएका जात्रा, मेला, उत्सव तथा पर्वको संरक्षण, बाजाको जगेर्ना र दिगो व्यवस्थापनको लागि कार्यविधि अनुसार मूर्त र अमूर्त संस्कृति एवं सम्पदाको रक्षा र संरक्षणको आवश्यक व्यवस्था मिलाइनेछ ।

३. राष्ट्रिय/अन्तर्राष्ट्रिय कला, साहित्य सांस्कृतिक सम्मेलन तथा महोत्सव,मातृभाषा सिकाई एवं गोष्ठी तथा रैथाने मेलाको आयोजना गरी कला, संस्कृतिको संरक्षण तथा प्रर्वद्धन गरिनेछ ।

४. **"प्रतिभा बुढानीलकण्ठ"** को लागि खुल्ला प्रतियोगितात्मक कार्यक्रम सञ्चालन गरी विविध क्षेत्रका विशिष्ट प्रतिभाको खोजी गरी ब्राण्डिङ गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

५. डाँडागाउँ, ठूलोगाउँ, चिसेनी, तौलुङ, चुनिखेल, धरमपुर, वासिक आदि ऐतिहासिक, प्राकृतिक र सांस्कृतिक स्थानलाई सांस्कृतिक एवं पुरातात्विक सम्पदा संरक्षण एवं प्रवर्द्धन गर्न मौलिक शैलिका भवन निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

६. नगरभित्र रहेका विभिन्न मठ मन्दिर, बौद्ध, चैत्य, गुम्बा, स्तुपाको संरक्षण, सम्वर्धन, नियमन र एकिकृत विकास गरिनेछ।

७. नगरभित्रका सबै भाषा, धर्म, संस्कृति, पर्व, मेला तथा जात्राको संरक्षण, सम्वर्धन गरी स्थानीय समूहहरूलाई नगरको मौलिक,

स्थानीय भेषभुषा, भाषा, संस्कृतिको प्रचार, प्रसार, संरक्षण र प्रवर्द्धनका लागि परिचालन गरिनेछ ।

८. नगरको उपयुक्त सार्वजनिक स्थानहरूमा परम्परागत संस्कृति झल्कने फल्चा, पोखरी, डबली, ढुँगेधारा, चौतारा, खुल्ला आश्रयस्थलहरू निर्माण गरी आकर्षक बनाइनेछ ।

९. जगडोल, चुनिखेल, तौलुङ, कपनगढी, बागद्वार, मुहानपोखरी, नारायणस्थान, धरमपुर, ठूलो गाउँ, चिसेनी, विष्णुद्वार, चण्डेश्वरी क्षेत्र जोडिने गरी धार्मिक सांस्कृतिक एवं पर्यटकीय सर्किट निर्माण गरिनेछ ।

१०. बागद्वार—विष्णुद्वार—सपनतीर्थ मेलालाई विशेष सांस्कृतिक जागरण मेलाको रूपमा प्रवर्द्धन गरिनेछ ।

११. खुलापार्क, सडकका भित्ताहरू, विद्यालयका पर्खालहरूमा नगरपालिकाको विविध संस्कृति, परिचय झल्कने र देशको पहिचान दिने चित्रहरू बनाई सौन्दर्यकरण गरिनेछ ।

१२. बौद्धिक सम्पत्तिहरूको संरक्षण, योगदान र सम्मानका लागि विभिन्न क्षेत्रका बुद्धिजिवी/विज्ञहरूको रोष्टर तयार गरी नगरको समृद्धिमा योगदान गर्ने उपयुक्त वातावरण सृजना गरिनेछ ।

१३. नगरका विभिन्न वडामा ओपन थिएटर/ सांस्कृतिक पार्क र खुला संग्रहालयहरू स्थापनालाई प्राथमिकता दिइनेछ ।

१४. समग्र बुढानीलकण्ठको धार्मिक,सांस्कृतिक,पर्यावरणीय, भौतिक संरचना लगायत सम्पदाको पहिचान गरी समेटिएको **"आहा बुढानीलकण्ठ"** संग्रह प्रकाशन गरिनेछ ।

१५. वातावरण प्रभावित हुनेगरी नगरपालिकका विभिन्न स्थानमा सांस्कृतिक मौलिकता झल्कने भित्तेलेखन चिन्हहरू निर्माण गरिनेछ।

१६. बुढानीलकण्ठ मन्दिर संरक्षण र प्रर्वद्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

## छ. संघ संस्था

१. नगर क्षेत्र भित्र कार्यरत गैर सरकारी संघ संस्थाहरूको वजेट, कार्यक्रम र कार्ययोजना नगरपालिकाबाट अनिवार्य रुपमा स्वीकृत गराई कार्यान्वयन गर्नु पर्ने नीति कार्यान्वयन गरिनेछ ।

२. संघ संस्थाहरूबाट सञ्चालित आवासगृह, बालगृह, आश्रम तथा सञ्चालित परियोजना र कार्यक्रमको नियमित र आकस्मिक अनुगमन कार्यलाई निरन्तरता दिइनेछ।

३. बुढानीलकण्ठ नगरपालिकालाई कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका संघ संस्थाहरूको कार्यक्रमलाई नगरपालिकाको विकास र समृद्धिमा टेवा पुग्नेगरि कार्यान्वयन गर्न जोड दिइनेछ ।

४. सामाजिक शक्तिको रुपमा रहेका नागरिक समाज तथा टोल विकास संस्थालाई नगरपालिकामा दर्ता/सूचिकृत गरी यिनका असल अभ्यासलाई प्रोत्साहन दिनुका साथै टोल विकास संस्थाको क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछन् ।

५. टोल विकास संस्था, विभिन्न क्लब लगायतका सामुदायिक संस्थासँगको समन्वय,सहकार्यमा सामाजिक रुपान्तरणका क्रियाकलापहरू सञ्चालन गरिनेछ।

६. नगरपालिका भित्र सञ्चालनमा रहेका गैर सरकारी संघ संस्था, टोल विकास संस्था, युवा क्लब तथा सामुदायिक संघ संस्थाको कामकारवाहीलाई व्यवस्थित गर्न संघ संस्थाहरूको एकिकृत अभिलेख तयार गरी सार्वजनिक गरिनेछ ।

## ज. सामाजिक सुरक्षा तथा पञ्जीकरण

१. घटना दर्तालाई शत प्रतिशत बनाउनको लागि व्यक्तिगत घटना घटेको ३५ दिन भित्रै निशुल्क दर्ता गर्न वडा कार्यालयमा आवश्यक जनशक्ति व्यवस्थापन र नागरिकलाई सुसूचित गरिने कार्य प्रभावकारी बनाइनेछ।

२. लक्षित वर्गको सामाजिक सुरक्षा भत्ताको प्राप्ति तथा नवीकरण कार्यलाई सहज बनाउन आवश्यक व्यवस्था गरिनेछ।

## २. पूर्वाधार विकास

### क. भौतिक पूर्वाधार

१. नगर गौरवका आयोजनाहरूको गुरुयोजना तयार गरी, कार्ययोजना सहित समयमै निर्माण सम्पन्न गर्न प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।

२. पूर्वाधार तर्फका विकास निर्माणका वार्षिक योजना तथा कार्यक्रमहरूलाई भाद्र महिना भित्र योजना सञ्चालन क्यालेण्डर बनाइ (कार्यस्थलको पहिचान, कामको विवरण, खरिद विधि, सम्झौता, अनुगमन, तथा फरफारक) वार्षिक योजना तथा कार्यक्रमहरू ज्येष्ठ मसान्त भित्र सम्पन्न गरिनेछन् ।

३. पूँजीगत योजना तथा कार्यक्रमहरूको गुणस्तरीय कार्यान्वयन गर्न, ठेक्का व्यवस्थापन आयोजनाहरूको माघ मसान्त भित्र सम्पन्न गरी निर्माण स्थल हस्तान्तरण गरिनेछ । उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाको हकमा **"चैत्र मसान्त भित्र सम्झौता र ज्येष्ठ मसान्त भित्र सम्पन्न"** को नीति कडाइका साथ कार्यान्वयन गरिनेछ ।

४. नगरपालिका भित्रका सडक, ढल लगायतका पूर्वाधारहरूको नियमित रुपमा मर्मत सम्भार तथा स्तरोन्नतिको लागि मर्मत सम्भार कोषको प्रभावकारी परिचालन गरिनेछ ।

५. उपभोक्ता समितिबाट सञ्चालन हुने सबै विकास निर्माणका आयोजनामा अनिवार्य रुपमा कूल लागत अनुमानको १०% (दश) प्रतिशत जनसहभागिता तथा मठ मन्दिर र गुम्वा जस्ता पुरातात्विक महत्त्व झल्कने (मन्दिर/ गुम्वाको परिसर,पर्खाल, सिँढी, रेलिङ्ग जस्ता सामान्य निर्माण बाहेक) आयोजनाहरूमा कम्तिमा २.५% (दुई दशमलव पाँच) प्रतिशत सुनिश्चित गरिनेछ ।

६. नगरको GIS Mapping/ House Numbering कार्य सम्पन्न गरी सो बाट प्राप्त तथ्याङ्कलाई नीति निर्माण योजना तर्जुमा तथा कार्यान्वयनमा प्रयोग गरिनेछ ।

७. परियोजना बैंकलाई नियमित अद्यावधिक गरी व्यवहारिक रुपमा कार्यान्वयन गर्न नगरपालिकाको Planning System संग Integrate गरिनेछ।

८. विकास निर्माणका आयोजनाहरूको गुणस्तर मापन तथा चेकजाँच गर्न प्रविधियुक्त अत्याधुनिक प्रयोगशाला बनाइनेछ ।

९. नगरपालिकाद्वारा निर्माण गरिएका विकास आयोजनाहरूको दिगो विकासका लागि मर्मत सम्भार सेवा शुल्क तोकी मर्मत कार्य अगाडी बढाइनेछ । हरेक आयोजनाबाट ३% कन्टिजेन्सी कट्टा गरि त्यसको ०.५% मर्मत सम्भारकोषमा अनिवार्य रुपमा दाखिला गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

१०. नगरको भौतिक पूर्वाधार विकासलाई अपाङ्गतामैत्री तथा बालमैत्री बनाउदै लगिने छ । सडक फुटपाथ तथा जेब्राक्रसिङ्गहरूमा संकेतयुक्त टायल लगाउदै जाने नीति अवलम्बन गरिनेछ ।

११. नगर क्षेत्रभित्र रहेका सडक, ढल, खानेपानी पाइपलाइन, सडक बत्ति, टेलिफोन, सिसिटिभि लगायतका सबै भौतिक पूर्वाधारहरूको डिजिटल प्रोफाइललाई GIS Mapping/House Numbering परियोजनासँग एकीकृत गरिनेछ ।

१२. आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि श्रोत सुनिश्चतता भए पश्चात आवश्यकतानुसार डि पि आर लगायतका प्राविधिक अध्ययन गरी कार्यान्वयन गरिनेछ ।

१३. वडा कार्यालयहरूलाइ नागरिकको पहिलो र नजिकको सरकारको रुपमा विकास गर्न भौतिक सुविधा सम्पन्न गर्दै लगिने छ ।

१४. उपभोक्ता समिति, टोल विकास संस्था लगायतका सरोकारहरूलाई आयोजना प्रस्ताव तथा छनौट, योजनाको फिल्ड, योजनाको सम्झौता

तथा कार्यान्वयन, योजनाको अनुगमन एवम् भुक्तानी प्रक्रियाको विषयमा अनुशिक्षण अन्तरकृया लगायतका क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. नगरपालिकामा दिगो विकासका सूचकहरूको कार्यान्वयनको मूल्याङ्कन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६. नगरपालिका भित्र रहेका सार्वजनिक/सामुदायिक भवन (क्लव, कृयापुत्री भवन, महिला भवन लगायत) र पार्कहरू सूचिकृत गरी सरोकारवालाको सहभागितामा संरक्षण तथा उपयोग गरिनेछ ।

१७. सार्वजनिक रुपमा सुविधा सम्पन्न शौचालय विभिन्न स्थानमा निर्माण गरिनेछ ।

## ख. सडक, ढल व्यवस्थापन, भवन तथा अन्य सार्वजनिक निर्माण

१. नगर भित्रका बस्ती विकास भएका क्षेत्रमा आवश्यकताका आधारमा सरकारी, पर्ति, सार्वजनिक जग्गा तथा राजकुलो माथि सडक निर्माण गर्दा स्थानीय सरोकारवाला पक्षहरूको आम भेला र वडा समितिको निर्णयसहितको सिफारिसको आधारमा नगर कार्यपालिका बैठकबाट आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ।

२. नगरपालिका क्षेत्रभित्रका ८ मिटर वा सोभन्दा बढी चौडाइ भएका सडक दायाँबायाँ क्षेत्रहरूलाई मूल बजार क्षेत्र कायम गर्ने कार्यलाई प्रभावकारी रुपमा निरन्तरता दिइनेछ।

३. पैदलयात्रु, अपाङ्गता भएका व्यक्ति एवं ज्येष्ठ नागरिकमैत्री सडक निर्माणलाई प्राथमिकता दिई सडकपेटी पैदल यात्रीलाई सहज ढङ्गले यात्रा गर्न फराकिला सडक पेटी निर्माण गरी फुटपाथ व्यवस्थापन गर्ने कार्यलाई प्रभावकारी बनाइनेछ ।

४. नेपाल सरकारले तोकेको न्यूनतम सडक अधिकार क्षेत्रभन्दा (कम्तिमा १३ फिट) कम चौडाइ भएको सडकमा कालोपत्रे तथा ढलान सम्बन्धी कार्य गर्न निरुत्साहित गरिनेछ।

५. बुढानीलकण्ठको मुख्य हाइवे सडक (८ मिटर माथिका) हरियाली, सफा, नागरिकमैत्री, सुरक्षित, उज्यालो, ट्राफिक संकेत सहित व्यवस्थित बनाइदै लगिनेछ ।

६. नगरपालिका भित्रका सडकहरू खन्दा वा अन्य निर्माण एवं विविध कार्यमा डोजर लगायतका ठूला औजार उपकरण चलाउनुपूर्व अनिवार्य रुपमा स्वीकृति लिनुपर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

७. बुढानीलकण्ठ—विष्णुमती—टोखा, धोबिखोला, च्यानेखोला तथा लुँडेखोला कोरिडोर र शिव मन्दिर त्रिवेणी चोक शहिद पार्क जोड्ने सडक आयोजना निर्माणको लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

८. कपन क्षेत्रको डुवान समस्या समाधानका लागि बक्स कल्भर्ट निर्माण समय मै सम्पन्न गर्न सम्बन्धित निकायसँग पहल एवं समन्वय गरिनेछ ।

९. DPR बमोजिम वडा नं. ३ स्थित बुढानीलकण्ठ सांस्कृतिक प्रतिष्ठान भवन र नगरपालिका परिसरलाई सौन्दर्यिकरण गर्ने तथा सुविधा सम्पन्न बहुउद्देश्यीय (Multipurpose) भवन निर्माण कार्यला बहुवर्षिय आयोजनाको रुपमा कार्यान्वयनमा लगिनेछ ।

१०. सडक तथा टोलको नामाकरण गर्दा प्रमुख हाइवे सडक, मुख्य सडक, भित्री सडक, गल्ली तथा चोकहरूको स्थानीय प्रचलनमा आएका नाम वा शब्दावली, रैथाने पेटबोली वा स्थानीय साँस्कृतिक महत्व वा लोकप्रथाको आधारमा गर्ने नीति लिइनेछ ।

११. आवश्यकतानुसार उपयुक्त स्थानमा सुविधा सम्पन्न सार्वजनिक शौचालयहरू निर्माण गर्दै लगिनेछ।

१२. नगर भित्र रहेका सार्वजनिक जग्गा मध्ये उपयुक्त स्थानको पहिचान गरी सरोकारवाला पक्ष/ सम्बन्धित निकायसँग आवश्यक समन्वय मार्फत औद्योगिकग्रामको Feasibility Study तथा निर्माण कार्यको शुरुवात गरिनेछ ।

१३. नगरपालिकाबाट निर्माण सम्पन्न भएका वा निर्माण गर्नुपर्ने सबै भवन संरचनाको जग्गाको स्वामित्व प्राप्तिको प्रकृया अगाडि बढाइनेछ ।

१४. घर नक्सा, निर्माण कार्यको इजाजत प्रदान गर्दा अनिवार्य रुपमा आवासीय क्षेत्रमा एक घर दुई बिरुवा, Septic Tank र Soak Pit राख्नु पर्ने नीति अवलम्बन गरिनेछ ।

१५. डाँडागाउँमा तामाङ्ग सांस्कृतिक पार्क तथा केन्द्र, चिसेनी नेचुरल पार्क तथा सांस्कृतिक केन्द्र, रुद्रेश्वर धोविखोला जलासय, विष्णुमती करिडोर संरक्षण, च्यासिन्डोल चिनारी पार्क, आइतबारे पार्क निर्माण कार्यलाई प्राथमिकतामा राखिनेछ ।

## ग. शहरी विकास

१. भू उपयोग ऐन, २०७६ अनुसार जग्गाको वर्गीकरण, भु—उपयोग नीति, परम्परागत जग्गा उपयोगलाई व्यवस्थित गर्दै शहरी विकास योजना तर्जुमा गरी व्यवस्थित शहरी विकासको कार्य अगाडि बढाइनेछ ।

२. नगरको साँस्कृतिक तथा सामुदायिक पहिचान, स्थानीय कला, संस्कृति, सम्पदा र पुरातात्विक मौलिकता र महत्व झल्कने गरी PPP Model अनुसार व्यक्तिगत/सामुदायिक भवन निर्माण कार्यलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

३. अव्यवस्थित पार्किङलाई हटाउन सार्वजनिक तथा निजी पार्किङ व्यवस्थापनको कार्यलाई प्रभावकारी बनाइनेछ ।

४. नयाँ भवन निर्माण गर्दा पार्किङ, Ground Water Recharge/Rain Water Harvesting व्यवस्थापन अनिवार्य गरिनेछ ।साथै निर्माण भइसकेका भवनका हकमा Ground Water Recharge/Rain Water Harvesting का लागि प्रोत्साहन गरिनेछ |

५. नगरमा अव्यवस्थित देखिएका तार, सूचनाबोर्ड, ठूला ठूला होर्डिङ्ग बोर्ड, अनावश्यक पोल, स्वागतद्धार/प्रवेशद्धारलाई व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

६. नगर भित्र विदेशी नागरिकलाई घर भाडामा दिदा नगरपालिकाबाट अनिवार्य स्वीकृति लिनु पर्ने व्यवस्था गरिनेछ ।

## घ. खानेपानी व्यवस्थापन

१. खानेपानी सञ्चालक तथा वितरक समितिहरूलाई एकमुष्ट रुपमा समेटी नगरस्तरीय "एकीकृत खानेपानी बोर्ड" गठन गरिनेछ ।

२. "नगरबासीको इच्छा खानेपानीको सुनिश्चितता" भन्ने अभियान सहित स्वच्छ र स्वस्थ खानेपानी प्रत्येक घरमा पुर्‍याउने प्रवन्ध गरिनेछ ।

३. स्थानीय पानी स्थानीयको अधिकारलाई प्राथमिकता दिई खानेपानी व्यवस्थापन सम्बन्धी आयोजना कार्यान्वयन गरिनेछ ।

४. खानेपानी स्रोतका लागि रिचार्ज प्रणाली (रिचार्ज बेल) कार्यान्वयन गर्न कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। रिचार्ज वेल प्रणाली लागु गर्नेलाई विभिन्न सहुलियतको लागि अध्ययन गरी उपलब्ध गराइनेछ ।

५. शिवपुरी जलाधार तथा विष्णुमती क्षेत्रको खानेपानी मुहानलाई दिगो र विश्वसनीय व्यवस्थापनका लागि सरोकारवाला निकायसहित विज्ञहरूसँग परामर्श गरी भण्डारण तथा वितरणको विस्तृत योजना निर्माण गरिनेछ।

६. खानेपानीको प्राकृतिक स्रोत वा डिप बोरिङको स्रोत पहिचानको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

७. पोखरी निर्माण, रेन हारभेष्टिङ्ग निजी क्षेत्रको सहकार्यमा कार्यान्वयन गर्ने नीति लिइनेछ ।

८. सतहमुनिको पानीको तहलाई कायम राख्न नगर क्षेत्र भित्रका ८ फिटभन्दा कम चौडाइका सडकहरूमा ब्लक तथा ईटा बिच्छ्याउने कार्यलाई प्रोत्साहन गरिनेछ।

९. परम्परागत कुवा, ईनार, ढुङ्गेधारा लगायतका पानीको स्रोतलाई संरक्षण र व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ।

१०. उपयुक्त स्थानको पहिचान गरी खानेपानीको ड्याम निर्माणका लागि सम्बन्धित निकायसँग पहल गरिनेछ।

## ङ. यातायात व्यवस्थापन

१. सार्वजनिक सवारीका साधनलाई बस बिसौनी क्षेत्र तोकी यात्रु चढाउने र ओराल्ने व्यवस्था मिलाइनेछ।

२. नगर भित्र सञ्चालित सार्वजनिक यातायातको दिगो व्यवस्थापनको लागि वडा नं. २ मा वसपार्क निर्माण गरिनेछ।

३. नगर भित्र सार्वजनिक, निजी साझेदारीमा सार्वजनिक यातायात व्यवस्थापन तथा सञ्चालनका लागि सम्भाब्यता अध्ययन गरिनेछ।

४. विद्युतीय नगरबस खरिद गरी कार्ड प्रणाली मार्फत भाडा भुक्तानी हुन गरी सञ्चालन गरिने छ ।

५. सडक पेटीमा पैदल यात्रु मैत्री वातावरण व्यवस्थापनमा प्राथमिकता दिइनेछ ।

६. ट्राफिक प्रहरीसँग कार्यालयबाट समन्वय गरी सडक सुरक्षा सम्बन्धी जनचेतनाका कार्यक्रम सञ्चालन गरिनेछ।

## च. योजना, अनुगमन तथा मूल्याङ्कन

१. नगरपालिका भित्र रहेका दक्ष श्रमिकलाई स्थानीय स्तरमा रोजगारीको सुनिश्चितता गर्न निर्माण व्यवसायी तथा उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरूमा नगरपालिकामा सूचिकृत भएका श्रमिकलाई उपयोग गर्ने नीति अवलम्बन गरिनेछ।

२. रु. ५० लाख वा सो भन्दा माथिका विकास आयोजनाको नियमित सुपरिवेक्षणका लागि फिल्ड सुपरभाइजरको व्यवस्थालाई निरन्तरता दिइनेछ।

३. आयोजनाहरूको अनुगमन प्रणालीमा स्थानीय सरोकारवालाहरूको सहभागिता सुनिश्चित गरिनेछ ।

४. बोलपत्र स्वीकृत तथा सूचिकृत फर्महरूलाई पनि योजना कार्यान्वयन सम्बन्धमा अन्तरक्रिया, प्रशिक्षण लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५. प्रदेश र सङ्घीय सरकारबाट सञ्चालित योजना र कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन सहजीकरणको लागि उपयुक्त संयन्त्र बनाइनेछ।

६. सम्पन्न भएका योजनाहरूको मर्मत सम्भार र संरक्षणको जिम्मेवारी सहित भुक्तानी र योजनाको हस्तान्तरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७. योजना अनुगमनलाई व्यवहारिक बनाउन वडास्तरीय अनुगमन समितिलाई योजना छनौट देखि फरफारकसम्म सक्रिय र जिम्मेवार बनाइनेछ।

८. विगतमा सम्झौता भई कार्य सम्पन्न भएका आयोजना प्राविधिक मूल्याङ्कनको आधारमा नगर कार्यपालिकाबाट निर्णय गरी फरफारक गर्ने व्यवस्था मिलाइनेछ।

९. नगरस्तरीय योजना अनुगमनलाई योजना कार्यान्वयनको शुरुवातदेखि नै सक्रिय बनाइनेछ ।

१०. अनुगमन समितिका सदस्यहरूको उच्च मनोबल तथा नयाँ अनुभव एवम् ज्ञान लिनका लागि अन्तरपालिका अनुगमन समितिहरूबीच एवम् आवश्यक निकाय तथा विज्ञहरूबीच छलफलको व्यवस्था गरिनेछ।

११. अनुगमन समितिलाई अनुगमनका क्रममा आवश्यक स्रोतसाधन तथा उपकरणको प्रबन्ध गरी प्रभावकारी अनुगमनको व्यवस्था मिलाइनेछ।

१२. प्राविधिक लागत अनुमान बमोजिम स्थलगत रुपमा सञ्चालन भएका आयोजनाको मूल्याङ्कन गर्दा फरक किसिमको परिमाण र गुणस्तर भएमा भुक्तानी दिन वाध्य हुनु नपर्ने नीति लिइनेछ ।

१३. नगरका गौरब तथा ठूला आयोजनाको परिणाम, नतिजा र प्रभाब सम्बन्धी कार्यको आवश्यकतानुसार तेश्रो पक्षबाट पनि मूल्याङ्कन गराइने व्यवस्था गरिनेछ ।

१४. सम्झौता नभई सञ्चालन हुने कुनैपनि विकास निर्माण कार्यको अनुगमन एवं भुक्तानी दिइने छैन ।

१५. आयोजना कार्यान्वयनकै क्रममा अनिवार्य रुपमा निरन्तर प्राविधिक अनुगमन गरिनेछ ।

१६. अनुगमन मूल्याङ्कनबाट प्राप्त प्रतिबेदनलाई नगर प्रमुख मार्फत कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाइनेछ।

१७. नगरपालिकाको सीमा क्षेत्रको सडक लगायतका पूर्वाधार निर्माणमा अन्तरपालिका सहकार्य गरिनेछ ।

## ३. आर्थिक विकास

### क. कृषि विकास

१. नगरभित्र रहेका कृषक तथा कृषि उद्यमीहरूबाट उत्पादित कृषिजन्य उत्पादन वृद्धी तथा वजार प्रवर्द्धन गरी आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ ।

२. **कृषक प्रोत्साहन कार्यक्रम** अन्तर्गत कृषि यान्त्रिकरण, बिउ विजन, मल र कृषि प्रविधिमा दिइदै आएको अनुदान व्यवस्थालाई निरन्तरता दिई उत्पादन तथा उत्पादकत्व बृद्धि गरिनेछ ।

३. स्थानीय उत्पादनको बजारीकरणका लागि वडा नं. २ मा निर्माणन्मुख कृषि तथा तरकारी बजार यसै वर्ष सम्पन्न गरी प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।

४. नगरभित्रको सघन शहरी क्षेत्रमा बसोवास गर्ने नगरबासीलाई खेती गर्ने बानीको विकास गरी तरकारीमा आत्मनिर्भर बनाउने नीति अनुरुप करेसाबारी तथा कौशी खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

५. **जैविक खेतिको अवधारणा, स्वास्थ्य समाजको परिकल्पना** भन्ने नाराका साथ जैविक उत्पादनलाई प्रोत्साहित गर्दै स्थानीय बजारमा खपत गर्न निजी क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ ।

६. कृषि उद्यमशीलतालाई विद्यालय, युवा स्वरोजगार तथा महिला लगायत लक्षित समुदायसँग जोडिने नीति अनुरुप **कृषि शिक्षा कार्यक्रम**लाई निरन्तरता दिइनेछ ।

७. नगरपालिका भित्र रहेका कृषक विद्युतिय अभिलेखिकरण सहित सूचिकरण गरि किसान परिचयपत्र वितरण कार्य सम्पन्न गरिनेछ ।

८. **"स्वच्छ जीवनको लागि प्राङ्गारिक मलको उपयोग गरौं"** भन्ने मूल नाराका साथ अर्गानिक खेती प्रणालीको विकास गर्न स्थानीय श्रम, सीप र कच्चा पदार्थ उपयोगलाइ कृषि प्रणालीमा आवद्ध गरी प्राङगारिक मल प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । साथै निशुल्क माटो नमुना परीक्षण गरी निःशुल्क कृषि चुन वितरण कार्यलाई निरन्तरता दिईनेछ ।

९. प्राविधिकहरूको क्षमता अभिबृद्धि गरी प्रविधिको प्रयोग मार्फत किसानलाई कार्यस्थलमै सेवा प्रवाह गर्ने प्रवन्ध गरिनेछ ।

१०. कृषि पेशामा युवा जनशक्ति आकर्षण गर्न **"उत्कृष्ट कृषक कार्यक्रम"**मार्फत प्रोत्साहित गरिनेछ ।

११. नगर क्षेत्र भित्र टिस्यु कल्चर ल्याब तथा ग्रिन हाउस सञ्चालन एवं प्रवर्द्धनमा प्रोत्साहन गरिनेछ । साथै कृषि योग्य भूमिमा आवश्यक सिचाईको प्रवन्धका लागि हाल ईनार तथा बोरिङमा दिइदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२. न्यूनतम दरमा बिउ पूँजी कार्यक्रम तथा कृषक स्वास्थ्य कार्यक्रम कार्यान्वयन गरी कृषकलाई प्रोत्साहित गरिनेछ ।

१३. जमिन बाँझो नराखी व्यवसायिक कृषिमा प्रोत्साहन गर्न सामूहिक खेती तथा कृषि फार्म दर्ता/नविकरण सहुलियत प्रदान गरिनेछ ।

१४. स्थानीय कृषि उत्पादनको बजारीकरणका लागि स्थानीय रैथाने हाटवजार सञ्चालन गरिनेछ ।

१५. कृषिसँग शिक्षा कार्यक्रम तथा कृषि उद्यम कार्यक्रम सञ्चालन गर्ने नगरपालिकाले आफ्नै कृषि पकेट सामूहिक खेती कार्यक्रम सञ्चालन गर्नेछ ।

१६. बुढानीलकण्ठ जैविक मल उत्पादन तथा बिक्री केन्द्र कृषक साझेदारीमा सञ्चालन गरिनेछ ।

१७. कृषि मार्फत आर्थिक विकास कार्यमा प्रोत्साहन गर्ने शिक्षासँग कृषि कार्यक्रम अन्तर्गत हरिया तरकारी बाली र पशुपालन सम्बन्धमा नगरपालिका आफैंद्वारा कार्यक्रम लागू गरिनेछ ।

१८. नगरपालिका भित्र रहेका बाँझा जग्गा (घडेरी समेत) लाई कृषिजन्य उत्पादनमा लगाउन विशेष प्रोत्साहन गरिनेछ।

## ख. पशुपंक्षी प्रवर्धन

१. नगरभित्र रहेका पशु उद्यमीबाट उत्पादित पशुजन्य उत्पादनवृद्धि तथा वजार प्रवर्द्धन गरी आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ ।

२. घरपालुवा कुकुर, विरालोको व्यवस्थापनका लागि दर्ता प्रक्रिया अभियानको रुपमा सञ्चालन गर्ने र ५० प्रतिशत लागत साझेदारीमा बन्ध्याकरण गर्ने व्यवस्था गरिनेछ । साथै छाडा, सामुदायिक, रोगी, घाइते पशुपन्छीलाई उपचार गर्ने तथा बन्ध्याकरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. लागत साझेदारीमा व्यावसायिक पशुपालनमा संलग्न कृषकहरूको गोवर मल व्यवस्थापन र कम्पोष्ट मल प्याकेजिङ्ग कार्यक्रम सञ्चालन गरिनेछ ।

४. **"गोठ देखि ओठसम्म र बधशाला देखि भान्सा"**सम्म भन्ने नाराका साथ मानव स्वास्थ्यसंग प्रत्यक्ष सरोकार राख्ने पशुजन्य पदार्थको

उत्पादनदेखि उपभोगसम्मको स्वच्छ मासु तथा दुध उत्पादन प्रकृया सम्बन्धमा नियमित अनुगमन, नियमन र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।

५. एकल महिला, दलित तथा पिछडिएका र विपन्न कृषकको जीवीकोपार्जनको आधार रहेको पशुपन्छी पालन व्यवसायमा प्रोत्साहित गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

६. दुग्धजन्य पदार्थमा आत्मनिर्भर बनाउन दुध उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

७. नगर क्षेत्र भित्र सञ्चालनमा रहेका दुध तथा मासुजन्य व्यवसायलाई मापदण्ड बमोजिम सञ्चालन गर्न नियमन तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

८. गाईवस्तु चौपाया, पशुपंक्षीको महामारी रोग नियन्त्रणका लागि खोप तथा औषधि उपचारको उचित व्यवस्थापन गरिनेछ ।

९. घरपालुवा जीवजन्तु, पशु चौपाया, कुकुर विरालोलाई सडकमा छाड्न र सार्वजनिक स्थलमा दिसा पिसाव गराउन नपाइने नीति कडाईका साथ लागू गरिनेछ ।

१०. सामुदायिक सडक चौपाया र मृत पशु चौपायाको उचित व्यवस्थापनका लागि एनिमल एम्बुलेन्स सहित प्राविधिक जनशक्तिको व्यवस्था गरिनेछ ।

११. कृषक आत्मनिर्भर तथा कृषक स्वास्थ्य कार्यक्रम सञ्चालन गरी पशुपालन व्यवसायलाई प्रोत्साहन गरिनेछ

## ग. उद्योग तथा व्यवसाय

१. उद्यम प्रवर्द्धन मार्फत रोजगारीका अवसर श्रृजना गर्न स्टार्ट अप र नवप्रवर्तन सम्बन्धी नीति कार्यान्वयन गरिनेछ ।

२. नगर क्षेत्र भित्र सञ्चालित विभिन्न उद्योग व्यवसायमा नगरका युवालाई रोजगारीका अवसर उपलब्ध गराउन सार्थक पहल गरिनेछ।

३. युवा जनशक्तिलाई उद्योग व्यवसायमा आकर्षित गर्न **उत्कृष्ट युवा उद्यमी पुरस्कार** मार्फत प्रोत्साहित गरिनेछ।

४. नगरभित्र औद्योगिक उत्पादन तथा उत्पादकत्व वृद्धी गर्नका लागि तोकिएको क्षेत्रमा सहलगानी (विउ पुँजि तथा प्रविधि हस्तान्तरण) मार्फत उद्योग तथा व्यवसाय प्रवर्द्धन कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

५. नगर औद्योगिक व्यावसाय ऐन तर्जुमा गरी नगर क्षेत्र भित्र औद्योगिक विकास गर्न पूर्वाधार पहुँच, उत्पादनको बजारीकरण तथा वित्तिय पहुँच लगायतका प्रवर्द्धनात्मक कार्य सञ्चालन गरिनेछ ।साथै वडाहरूमा औद्योगिक व्यापारिक तथ्याङ्क सङ्कलन, व्यवस्थापन प्रणाली लागु गरिनेछ ।

६. सीप सम्मेलन मार्फत् स्थानीय सीप तथा रैथाने उत्पादनको संरक्षण र बजार प्रवर्द्धनका लागि नियमित रूपमा स्थानीय सीप, क्षमताको उत्पादनलाई प्राथमिकता एंव बजार र व्यावसायिक सीपसँग सम्बन्धित पहुँच तथा सीप सिकाइको व्यवस्थापन गरिनेछ ।

७. नगर क्षेत्र भित्र रहेका नयाँ उद्यमीका लागि वजारीकरण सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

८. स्थानीय उत्पादनको स्थायी बजार प्रर्बद्धनका लागि घरेलु तथा साना उद्योग संघ, उद्योग वाणिज्य संघ लगायतका व्यापारिक संघ संस्थासँग समन्वय र सहकार्य गरिनेछ ।

९. स्थानीय उत्पादन तथा अर्गानिक खाद्य वस्तुको प्रवर्द्धन तथा वजारीकरणका लागि डिपार्टमेन्टल स्टोर/मार्टसँग समन्वय गरिनेछ ।

१०. विद्यार्थी, महिला, गृहिणी, अपाङ्गता भएका, एसिड पीडित, एकल महिला, कुष्ठरोग प्रभावित, एचआइभि संक्रमित, अटिज्म भएका व्यक्ति, हिंसापीडित तथा समूहहरूबाट भएका उत्पादनलाई विशेष प्राथमिकता दिइने एवं उपभोगकालाघ प्रोत्साहित गरिने नीतिलाई निरन्तरता दिइनेछ ।

११. **पालिकाको उत्पादन पालिकामै** भन्ने नारा सहित पालिकाभित्र हुने कार्यक्रममा प्रयोग हुने खादा, माला, सल, गलबन्दी, दोसल्ला, कपडाको झोला आदि स्थानीय उत्पादनको मात्रै प्रयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१२. **उद्यमी बनौं, रोजगार सृजना गरौं** भन्ने नारा सहित युवा तथा महिला उद्यम विकासका लागि **नगर उद्यमशीलता विकास कार्यक्रम**लाई एकिकृत गरी सवै वडामा प्रभावकारी रुपमा सञ्चालनमा ल्याइनेछ ।

१३. नगरपालिका तथा वडा कार्यालयहरूवाट नगर भित्र सञ्चालन हुने सवै प्रकारका रोजगारमुलक, स्वरोजगार मुलक तथा सीप विकास तालिम सिटिईभिटिको पाठ्यक्रममा आधारित हुने गरी सञ्चालन गरिनेछ । यसरी तालिम लिएका प्रशिक्षार्थी सहभागीहरूलाई सीप परीक्षण तथा रोजगारी सुनिश्चित गराइनेछ ।

१४. स्वदेशी तथा गैर आवासीय नेपालीहरूलाई नगरपालिकाको प्राथमिकताका क्षेत्रमा लगानी गर्ने वातावरण सिर्जना गर्नका लागि लगानी वैठक आयोजना गरिनेछ ।

१५. वडा नं. १, २ ८, ११ र १३ मा सृजनशिल र नवप्रवर्तनमा आधारित स्टार्टअप व्यावसाय प्रवर्धन गर्ने उद्देश्यले ईन्कुवेसन सेन्टर स्थापना गर्ने प्रकृया अघि बढाइनेछ । यसरी प्रवर्धित उद्यमी र व्यावसायीलाई औद्योगिक ग्राममा स्थापित गरिनेछ ।

१६. **"उत्पादनमा महिला"** कार्यक्रम अन्तर्गत गृहश्रमिक महिला लक्षित घरेलु तथा लघु उद्यम कार्यक्रम सञ्चालन गरिनेछ ।

## घ. पर्यटन

१. नगर कार्यपालिकाको मुख्य प्रशासनिक भवन प्राङ्गण र आसपासमा सांस्कृतिक सौन्दर्यकरणका लागि भित्ते चित्रलेखन, मौलिकता झल्कने ललितकला युक्त वातावरण निर्माण गरिनेछ ।

२. नगरको पञ्चवर्षीय पर्यटन गुरुयोजनालाई पुनरावलोकन गरी सो योजनामा उल्लेख गरिएका पर्यटन पूर्वाधारका आयोजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ

३. आवश्यक स्थानहरूमा पर्या—पर्यटनलाई टेवा पुग्ने प्रकृतिका कार्यक्रमहलाई प्राथमिकता दिई सञ्चालन गरिनेछ ।

४. स्थानीय चाडपर्व, मेला, जात्रा, उत्सवहरूको संस्थागत व्यवस्थापन गरी त्यस्ता सम्पदाको खोजपूर्ण र सचित्र एकीकृत अभिलेख तयार गरिनेछ ।

५. **"एक वडा एक पर्यटन गन्तव्य"** को रुपमा स्थान पहिचान गरी आवश्यक पूवार्धारको विकास गरिनेछ ।

६. निजी पर्यटन व्यवसायीलाई आवश्यक पर्ने भौतिक पूर्वाधारको सहज उपलब्धताका लागि नीतिगत सहजीकरण गरिनेछ ।

७. बुढानीलकण्ठ आउने पर्यटकहरूको बसाई दिन लम्व्याउन पर्यटन व्यवसायीको सहकार्यमा कम्तिमा दुई दिनको पर्यटन भ्रमण टुर प्याकेज निर्धारण गरी प्रचार प्रसार गरिनेछ ।

८. अन्तर्राष्ट्रिय संघ संस्था एवम् भगिनी सम्बन्ध कायम भएका वाह्य मुलुकका स्थानीय तहसँग पर्यटकीय क्षेत्रको प्रचारप्रसार गरी बाह्य पर्यटन प्रर्वद्धन गर्न पहल गरिनेछ ।

९. सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार पर्यटन क्षेत्रको विकासका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. नगर भित्र रहेका सामाजिक सांस्कृतिक कला, भाषा साहित्य, धार्मिक, सांस्कृतिक, प्राकृतिक, पौराणिक तथा ऐतिहासिक पहिचान भएका क्षेत्रलाई पर्यटन गन्तव्यको रूपमा विकास गर्न अध्ययन एवम् अभिलेखन गरिनेछ ।

११. बुढानीलकण्ठ मन्दिरलाई देशकै एक विशिष्ट धार्मिक, साँस्कृतिक पर्यटकीय केन्द्रको रुपमा विकास गरी विश्व सम्पदा सूचीमा समावेश गर्न आवस्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. डाँडागाउँ, चिसेनी, ठूलोगाउँ, तौलुङ, लिपीकोट, जगडोल, चुनिखेल लगायतका स्थानमा व्यवस्थित परम्परागत घर आवास(होमस्टे) सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

१३. अमूर्त साँस्कृतिक सम्पदा संरक्षण गर्न मौलिक संस्कृति, भेषभुषा, रितिरीवाज, आभूषण, सांस्कृतिक विशेषताहरूलाई एकैठाउँमा हेर्न, मनोरञ्जन लिन र सिक्न सकिने गरी सांस्कृतिक संग्रहालय स्थापना गरिनेछ।

१४. शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जसँगको सहकार्यमा साहसिक साइक्लिङ, रक क्लाइम्बिङ्ग, जिप फ्लाइङ जस्ता साहसिक खेल पर्यटन प्रवर्द्धनलाई प्रोत्साहन गरिनेछ ।

१५. पदमार्ग, साइकल मार्ग, हेर्नलायकका अग्ला पहाड, भीर, नदीनाला, मठमन्दिर, गुम्बा, रैथाने सांस्कृतिक वस्ती, होमस्टे, होटलव्यवसाय र तिनको भौगोलिक अवस्था, पहुँच मार्ग, अवधि आदि सबैको संक्षिप्त विवरण र तस्वीर समेत उल्लेख गरी पर्यटकका लागि Route Map सहितको हातेपुस्तिका प्रकाशन गरी विदेशी पर्यटकहरूलाई आकर्षित गर्न पर्यटन बोर्ड लगायतका सरोकारवाला निकाय मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१६. एकै भाषा, संस्कृति भएका वस्तीहरूमध्ये सम्भावना भएको पर्यटकीय स्थानमा एकैखालको घरको स्वरूप, कलात्मक गल्ली तथा चोक बनाउने अभियानका रुपमा नयाँ घर निर्माण गर्दा एकरुपता ल्याई सम्पदावस्ती विकास गर्न विशेष कार्यक्रम मार्फत प्रोत्साहित गरिनेछ ।

१७. जगडोलदेखि अल्टिमेट भ्यु प्वाइन्टसम्मको पदमार्ग स्तरोन्नति गर्न सिंढी, रेस्ट सेड, धारा पानी, शौचालय जस्ता पूर्वाधार निर्माण गरिनेछ ।

१८. सरोकारवाला पक्षको समन्वय र सहकार्यमा डाँडागाउँ, ठूलोगाउँ, चिसेनी, तौलुङ लगायतका हरिया डाँडाहरूमा अवस्थित स्थानलाई ईको टुरिज्म भिलेजका रूपमा विकास गरिनेछ ।

१९. **"भ्रमणले सोच फराकिलो पार्दछ (Travel Broadens The Mind)"** भन्ने भनाइलाई गराइमा परिणत गर्न भ्रमण काज कार्यक्रम मार्फत जनप्रतिनिधि र कर्मचारीहरूलाई महत्वपूर्ण पर्यटकीय स्थलहरूको अध्ययन अवलोकन भ्रमण कार्यक्रम गरिनेछ ।

२०. पर्या पर्यटन, धार्मिक तथा सांस्कृतिक पर्यटन, कृषि पर्यटन, खेल पर्यटन लगायतलाई जोड्न र प्रवर्द्धन गर्न छिमेकी नगरपालिका (काठमाडौं महानगर, टोखा, गोकर्णेश्वर, तारकेश्वर,) साथै उपत्यका अन्य नगरपालिकाबीच आपसी समन्वय एवं सहकार्यलाई निरन्तरता दिइनेछ।

२१. नगर क्षेत्र भित्रका पर्यटकीय सम्भाव्यताका विषयमा प्रतिस्पर्धात्मक भिडियो च्यालेन्ज, फोटो तथा लेखन प्रतियोगिता सञ्चालनलाई निरन्तरता दिइनेछ।

२२. पर्यटन प्रवर्द्धनका लागि नगरपालिकाका विशेष पर्यटकीय स्थलहरुः बुढानीलकण्ठ मन्दिर, कपन गुम्बा, फुलारी गुम्बा, जगडोल, झण्डा पार्क, जामछेन स्तुपा, डाँडागाउँ, चिसेनी, धरमपुर, नौलिन भद्रकाली, खड्का भद्रकाली, चपली, तौलुङ्ग पञ्चकन्या, वासिक, चुनिखेल, टुपेक लगायत विभिन्न स्थानमा पर्यटकीय सूचना सामाग्री राखिनेछ र यी स्थानको विशेष प्रवर्द्धन गरिनेछ ।

२३. वडा नं ५ स्थित डाँडागाँउमा Sunset View Point तथा विश्राम स्थल निर्माण गर्न सरोकारवाला पक्षहरूसँग आवश्यक समन्वय गरी निर्माण कार्य प्रारम्भ गरिनेछ ।

२४. बुढानीलकण्ठ नगरपालिका भित्र पर्यटन व्यवसायमा लगानी आकर्षित गर्न समग्र पर्यटन प्रर्वद्धन, वातावरण संरक्षण, रोजगारी सिर्जना तथा सामाजिक उत्तरदायित्वको वहन गरी विशेष योगदान पुर्‍याएका पर्यटन व्यवसायी तथा संघसंस्थालाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२५. नगरभित्रका होटल, रिसोर्ट तथा होमस्टेको बुढानीलकण्ठ पर्यटन वोर्ड तथा सम्बन्धित वडा समिति मार्फत नियमित अनुगमन तथा सुपरिवेक्षण गरिनेछ ।

२६. सार्वजनिक यातायातका श्रमिक तथा कर्मचारीलाई आन्तरिक तथा बाह्य पर्यटकहरूसँग सभ्य र मर्यादित व्यवहार गर्नका लागि आवश्यक अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

## ङ. सहकारी

१. सहकारी क्षेत्रलाई आम नगरवासीहरूको जीवनसँग आवद्ध गराई उद्यम प्रर्वद्धन मार्फत रोजगार मुलक उत्पादनको क्षेत्रमा सहकारी परिचालित गरिनेछ।

२. सहकारी कर्मीहरूलाई तालिम र प्रशिक्षणको माध्यमबाट दक्ष र कुशल बनाई सहकारी व्यवस्था नतिजामुलक र प्रविधिमैत्री बनाई संस्थागत सुशासनमा जोड दिइनेछ ।

३. कृषि, उत्पादनमूलक, बहुउदेश्यीय तथा उपभोक्ता सहकारी संस्थाहरूको प्रर्वद्धन गरी दैनिक उपभोग्य वस्तु सहकारी मार्फत सुपथ मुल्यमा उपलब्ध गराउन आवश्यक क्रियाकलाप सञ्चालन गरिनेछ।

४. नगरपालिकाको नियमन क्षेत्र भित्र रहेका सहकारी संस्थाहरूको संस्थागत क्षमता, पूजीँ परिचालन सदस्यहरूको लगत, लेखाप्रणाली लगायतका विषयमा नियमित अनुगमन तथा मुल्याङकन गरिनेछ।

५. नगरको नियमन क्षेत्रभित्र रहेका सहकारी संस्थाहरूको सम्पुर्ण गतिविधिलाई विद्युत प्रणालीमा आवद्ध गरी सहकारी सुशासन प्रवर्द्धन गरिनेछ।

६. सहकारी संस्थाहरूको एकीकरणलाई प्रोत्साहन गर्दै निष्क्रिय अवस्थामा रहेका सहकारी संस्थाहरूलाई खारेजी प्रक्रियामा अगाडि बढाइनेछ।

७. सदस्यहरूको वचतलाई उत्पादनशील तथा रोजगारमुलक व्यवसायका क्षेत्रमा लगानी गरी उत्पादित वस्तु तथा सेवाको लागी बजारीकरणको व्यवस्था मिलाइनेछ साथै यसरी लगानी तथा रोजगारी सिर्जना गर्ने उत्कृष्ट सहकारीलाई पुरस्कृत गरिनेछ ।

८. समस्याग्रस्त सहकारीलाई संघ प्रदेशसँगको समन्वयमा प्रभावकारी व्यवस्थापनको लागी संस्थागत प्रबन्ध मिलाई समस्या समाधान तथा सुधारका लागि विशेष पहल गरिनेछ।

## च. श्रम तथा रोजगार

१. नगरपालिकामा सञ्चालित श्रम डेस्कलाई सहज, सूचनामैत्री र प्रभावकारी बनाइ सबै प्रकारका श्रमिकको सूचिकरण तथा वर्गिकरण गरी पूर्ण रुपमा विद्युत अभिलेख राखी गरिनेछ ।

२. **"परदेशको ज्ञान बुढानीलकण्ठमा योगदान"** भन्ने नाराका साथ वैदेशिक रोजगारबाट फर्केका युवाको सीप तथा क्षमतालाई थप कार्यदक्ष बनाई उद्यम तथा व्यावसाय प्रर्वद्धनमा प्रोत्साहित गरिनेछ ।

३. अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको योगदानमा आधारित सामाजिक सुरक्षाकोष कार्यक्रम तर्फ आकर्षित गर्न उत्प्रेरित गरिनेछ ।

४. सूचीकृत श्रमिकहरूको हकहित तथा कानूनी संरक्षणका लागि आवश्यकता अनुसार अनुशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ र सीप परीक्षण गरी रोजगार वैङ्कमा जोडिनेछ ।

५. सडक व्यापार गर्दै जीविकोपार्जन गरिरहेका श्रमिकहरूको श्रम जोखिमलाई सम्बोधन गर्न निश्चित स्थान र परिचय पत्रको व्यवस्था गरिनेछ ।श्रम क्षेत्रमा आवश्यक विषयगत जनशक्ति तयार गरी सीप तथा श्रमको खपत नगरपालिका भित्रै हुने नीति अवलम्बन गरिनेछ ।

६. स्थानीय विशिष्ट कला तथा सीप एवं मौलिक परम्परागत सीपलाई आवश्यकता अनुसार तालिम दिई संरक्षण तथा सीपको हस्तान्तरण एवम् स्वरोजगार सृजना गरिनेछ ।

७. नगर भित्रका उद्योग, कलकारखाना तथा व्यावसायिक संघसंस्थामा कार्यरत श्रमिकहरूको अवस्था निरन्तर अनुगमन गरी कुनै पनि किसिमका श्रम शोषण हुन नदिने नीति लिइनेछ ।

८. घरेलु/गृह श्रमिकहरूको पहिचान तथा अभिलेखिकरण पश्चात आवश्यकता अनुसार सीप एवं प्रविधि हस्तान्तरण गरी उत्पादनमा जोडिने नीति लिरइनेछ ।

९. श्रम तथा श्रमिकको मर्यादा अभिवृद्धि गर्न श्रमको सम्मान र राष्ट्रको अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१०. संघ तथा प्रदेश सरकारको लागत साझेदारीमा तथा अन्य संस्थाहरूसँगको सहकार्यमा आन्तरिक रोजगारी सृजना/प्रवर्धन सम्बन्धि कृयाकलाप लाई निरन्तरता दिइनेछ।

११. राष्ट्रिय तथा अन्तरार्ष्ट्रीय कानुनको परिपालनामा जोड दिर्इनेछ ।

## छ. सार्वजनिक निजी साझेदारी

१. नगरपालिका भित्र रहेका निजी संघ संस्थाहरूसँग समन्वय गरी CSR (Corporate Social Responsibility) शिक्षा ,स्वास्थ्य ,खानेपानी लगायतका क्षेत्रमा कोष परिचालन गरिनेछ ।

२. सार्वजनिक शौचालय, पार्क, पुस्तकालय जस्ता संरचना निर्माण गर्दा सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप कार्यान्वयन गरिनेछ ।

३. नगरपालिकाको आयोजना वैङ्कमा रहेका आयोजनामा निजी क्षेत्रलाई आकर्षित गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।

४. व्यवसायी सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत नगरभित्र रहेका उद्योगी/व्यवसायीलाई नगर विकासको प्राथमिकताको क्षेत्रमा लगानी गर्न अभिप्रेरित गरिनेछ ।

# ४. वन वातावरण तथा विपद व्यवस्थापन

## क. वन तथा वातावरण

१. धार्मिक तथा सांस्कृतिक क्रियाकलाप बाहेक नगरपालिकाको कुनै पनि स्थानमा कुनै पनि प्रकारको खुला आगो (open Burning) बाल्न प्रतिवन्ध गरिनेछ।

२. नगर भित्र सरसफाई तथा हरियाली प्रर्वद्धनको लागि मुख्य सडकको दुवै किनारा, सार्वजनिक पार्क,खोला करिडोर लगायत सार्वजनिक स्थानमा वृक्षारोपण तथा रुखबिरुवाहरूको संरक्षण गरिनेछ ।

३. सार्वजनिक तथा जोखिमयुक्त/खुला जमिनमा विभिन्न प्रजातिका फलफूलका बिरुवा रोप्ने तथा संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. **"बुढानीलकण्ठ नगर हरियाली शहर"**को रुपमा विकास गर्न नागरिक सहभागितामा विभिन्न स्थानमा वृक्षारोपण,रुखविरुवा तथा पार्कहरूको संरक्षण, सरसफाई प्रर्वद्धन लगायतका क्रियाकलाप सञ्चालन गरिनेछ ।

५. नगरबासीलाई कपडा र कागजको झोला प्रयोगका लागि प्रोत्साहीन गरी प्लाष्टिकका झोला प्रयोगलाई निरुत्साहित गर्ने नीतिलाई थप प्रभावकारी र व्यवस्थित बनाइनेछ ।

६. स्थानीय समुदायको सहभागितामा सार्वजनिक पार्कहरूको दिगो संरक्षण र व्यवस्थापनका कार्यक्रम सञ्चालन गरिनेछ ।

७. सडक सुन्दरताका लागि वृक्षारोषण,पेटी निर्माण, संकेत सहित रङ्गरोगन, अपाङ्गमैत्री पैदल मार्ग, नियमित सरसफाई तथा फोहोर मैला व्यवस्थापन लगायतका कार्यक्रम अगाडी बढाइनेछ ।

८. नगर क्षेत्र भित्र सञ्चालित उद्योग, कलकारखाना, यातायात तथा फोहोर व्यवस्थापन संस्थाहरूले प्रदुषण सम्बन्धि मापदण्ड पालना गरे/नगरेको नियमित अनुगमन तथा चेकजाँच गरिनेछ ।

९. नगरपालिकाका जनप्रतिनिधि,कर्मचारी,टोल विकास समिति,महिला संजाल,युवा क्लब, स्काउट, नगर युवा परिषदलाई धार्मिक, सांस्कृतिक, पर्यटकीय तथा सार्वजनिक स्थानहरूको सरसफाईका लागि वृहत नगर सरसफाई अभियान सञ्चालन गरिनेछ ।

## ख. फोहोरमैला व्यवस्थापन

१. खोलानाला,पार्क,सडक तथा सार्वजनिक स्थल स्वच्छ राख्न नियमित जनहित सूचना प्रसारित गरिनेछ तथा जथाभावी फोहोरमैला फाल्ने व्यक्तिलाई दण्ड जरिवानाको नीति लिइनेछ ।

२. नगरपालिकाको फोहोर नगरपालिकामै व्यवस्थापन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।नगरक्षेत्र भित्रको फोहोरमैलाको दिगो व्यवस्थापनका लागि फोहोर संकलन, ढुवानी र रुपान्तरण क्रमशः प्रतिष्पर्धात्मक बिधिबाट हुने व्यवस्था गरिनेछ ।

३. फोहोरमैला व्यवस्थापनमा संलग्न निजी तथा संस्थागत समूहसँगको साझेदारीमा फोहोरको वर्गीकरण, कम्पोष्ट मल, गड्यौला मल निर्माण, कम्पोष्ट विनको प्रयोग, फोहोर गन्ध निवारण, पुनःप्रयोग गर्न सकिने वस्तुहरूको प्रशोधन तथा पून उत्पादनलाई प्रोत्साहान गरिनेछ ।

४. नगरवासीलाई फोहोरको पुनः प्रयोग र प्रशोधन गर्न श्रोतमा नै वर्गीकरण गरी कुहिने फोहोरलाई घरमै कम्पोष्ट मल बनाउनका लागि तालिम तथा अन्य व्यवस्था मिलाइनेछ ।

५. फोहोरमैला व्यवस्थापनमा संलग्न श्रमिकहरूको नगरअस्पतालमा नियमित स्वास्थ्य जाँचको व्यवस्था मिलाइनेछ ।

## ग. विपद व्यवस्थापन

१. प्राकृतिक तथा मानव सिर्जित विपदजन्य घटनाबाट प्रभावित भएकाहरूलाई तत्काल राहतका लागि आवश्यक पर्ने खाद्यान्न, लत्ताकपडा, औषधि लगायतका आधारभूत सामग्री उपलब्ध गराईनेछ ।

२. खोज, उद्धार र राहतको लागि तत्काल सञ्चार तथा यातायात सुचारू गर्ने व्यवस्था मिलाईने छ।

३. विपद् व्यवस्थापनको लागि पूर्व सूचना प्रणाली देखि राहत, उद्धार र पुनस्थापना सम्म आवश्यक उपकरण तथा सामाग्री व्यवस्थापन गरी सोको उपयोगको सुनिश्चित गरिनेछ ।

४. विपद् व्यवस्थापनको लागि छिमेकी नगरपालिका, प्रदेश तथा संघीय सरकारका निकायहरूसँग समन्वय र सहकार्य गरी विपद् जोखिम न्युनिकरण तथा सोको प्रभावकारी व्यवस्थापन गरिनेछ ।

५. भौतिक पूर्वाधार निर्माण गर्दा जोखिम विश्लेषण गरी निर्माण गरिनेछ ।

६. नगरपालिकाको RRT (Rapid Response Team) तथा वडाहरूको First Responder Team (FRT) टिमलाई विपद व्यवस्थानमा प्रभावकारी रुपमा परिचालन गरिनेछ।

७. विपद् व्यवस्थापनका लागि २४ सै घण्टा एम्बुलेन्स, दमकल,जेट मेसीन,डोजर लगायतका सवारी साधन तयारी अवस्थामा राखी तत्काल सेवा उपलब्ध गराइनेछ।

८. स्थानीय स्तरमा रहेका विपद् व्यवस्थापन स्वयंसेवक, नगर प्रहरी, स्काउट तथा युवा क्षमता विकास गरी परिचालन गरिनेछ साथै नेपाल रेडक्रस लगायतका स्वयंसेवी संस्थाहरूसँग समन्वय गरी विपद् व्यवस्थापनको कार्य अगाडि बढाइनेछ।

९. विपद प्रभावितलाई प्रदान गरीने मनोवैज्ञानिक उपचार तथा मनोविमर्श सेवालाई निरन्तरता दिइनेछ ।

## ५. सुशासन तथा संस्थागत विकास

### क. मानव स्रोत ब्यवस्थापन

१. सेवामा नागरिकको अधिकार स्थापित गर्न प्रविधि मैत्री नागरिक वडापत्र लागु गरिनेछ ।

२. नगरपालिका र मातहतका कार्यालयहरूबाट प्रवाह गरिने सेवालाई प्रभावकारी बनाउन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत एवम् प्रमुख प्रशासकीय अधिकृत र महाशाखा प्रमुख बीच गरिने करार सम्झौता थप प्रभावकारी बनाइनेछ ।

३. कार्य विवरणको आधारमा कार्य सम्पादन सूचक र सूचकका आधारमा वस्तुगत रुपमा कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन गरी सोको आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४. स्थानीय तहको संस्थागत सुशासन तथा सेवा प्रवाहमा भैरहेको असल अभ्यासको अध्ययन अवलोकन तथा अनुभव आदान प्रदान गरी नगरपालिकाबाट प्रवाह गरिने सेवामा समाहित गरिनेछ ।

५. नगरपालिका र सबै वडा कार्यालय, स्वास्थ चौकी, नगर अस्पताल र विद्यालयहरूमा अनिर्वाय सुझाव पेटिका राख्ने, सुझावको अभिलेख राख्ने तथा कार्यान्वयन योग्य सुझावहरूको क्रमश कार्यान्वयन गर्दै लगिनेछ

६. हेल्लो बुढानीलकण्ठ डेस्क मार्फत आम नगरवासीलाइ सुसूचित हुन पाउने अधिकारको सुनिश्चितता प्रदान गर्दै प्राप्त सुझाव, गुनासोको यथाशिघ्र सुनुवाई हुने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

७. नगरपालिकाबाट सम्पादन भएका कार्यहरूको प्रत्यक्ष तथा भर्चुअल रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरी प्राप्त सुझावलाई सम्बोधन गरिने व्यवस्था मिलाइनेछ ।

८. आयोजना तथा कार्यक्रमहरूको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण तेस्रो पक्ष मूल्यांकन कार्यहरूबाट पारदर्शिता कायम गरी स्थानीय सुशासन प्रवर्द्धन गरिनेछ ।

९. नियमित प्रशिक्षण तथा अभिमुखिकरण कार्यक्रम मार्फत जनप्रतिनिधि र कर्मचारीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

१०. कम्तीमा एक प्रदेश एक स्थानीय तह एक भगिनी सम्बन्ध नीति कायम गरी अन्तरपालिका सम्बन्ध विस्तार गरिनेछ ।

११. विद्यमान नीति तथा कानुनहरु आवश्यकता अनुसार संशोधन परिमार्जन तथा पुनर्लेखन गरिनेछ ।

१२. स्थानीय सरकार सञ्चालन अभ्यास र अनुभव आदान प्रदान गरी नगरको शासन प्रणाली चुस्त, दुरुस्त र छिटो छरितो एवं प्रभावकारी बनाउन फरक पहिचान भएका देश तथा विदेशका स्थानीय तहहरूसँग मित्रवत सम्बन्ध स्थापना गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१३. नगरपालिकाबाट नागरिकको जनजीविकासँग सम्बन्धित बजार, बिद्यालय, ब्यवसाय दर्ता र सञ्चालन, घर निर्माण, सार्वजनिक जग्गा साँध सिमाना, इन्धन, डिपो, होटल, डेरी मासु पसल, औषधी पसल लगायतका क्षेत्रको प्रभावकारी र नतिजामुखी अनुगमनका लागि नगर प्रहरीको नियमनकारी भूमिकालाई प्रभावकारी बनाई जिम्मेवारी र जवाफदेही बनाइनेछ ।

१४. नगर प्रहरीलाई आवश्यक शान्ति, सुरक्षा, विपद, कार्य तथा प्रतिकार्य आपत्कालिन घटना व्यवस्थापन सम्वन्धमा नेपाली सेना,सशस्त्र प्रहरी वल नेपाल र नेपाल प्रहरीसँग समन्वयमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१५. सुचकका आधारमा वडाको कार्यसम्पादन मूल्यांकन गरी उत्कृष्ट हुने वडा र वडा समितिका पदाधिकारीलाई पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ ।

१६. नगरपालिका भित्रका सवै कर्मचारीको रेकर्ड चुस्त दुरुस्त राख्नका लागि PIS System प्रयोगमा ल्याईनेछ।

१७. नगरपालिका तथा वडा कार्यालयबाट प्रवाह गरिने सेवा प्रवाहलाई अन्तराष्ट्रिय गुणस्तर मान्यताको लागि आवश्यक पहल गरिनेछ ।

## ख. सूचना प्रविधि

१. नगरपालिका र मातहतका कार्यालयबाट प्रवाह गर्ने सेवालाई सरलीकरण गर्दै सूचना प्रविधिमा आधारित "Digitally Demand, Digitally Serve" को नीति अवलम्बन गरिनेछ ।

२. सेवाग्राहीको काम स्वचालित रुपमा सम्पन्न गर्न File Tracking System कार्यान्वयनमा ल्याइनेछ।

३. नगरपालिकाको सेवा प्रवाहलाई प्रभावकारी बनाउन योजना व्यवस्थापन,जिन्सी व्यवस्थापन, भवन निर्माण, आर्थिक प्रशासन सञ्चालन, राजस्व व्यवस्थापन, सार्वजनिक जग्गा/सम्पत्ति, कर्मचारी व्यवस्थापन, गुनासो व्यवस्थापन लगायतका कार्यलाई सूचना प्रविधिमा आधारित बनाई एकीकृत प्रणाली विकास गरिनेछ ।

४. GIS Mapping / House numbering परियोजना चालु आ.व. भित्र सम्पन्न गरी नागरिकको डिजिटल प्रोफाइल तयार गर्नुका साथै प्रत्येक घरको मेट्रिक सिस्टममा आधारित घर नम्बर उपलब्ध गराई उक्त घर नम्वरलाई सार्वजनिक सेवासँग आवद्ध गरिनेछ ।

५. नगरपालिकाले तयार गरेको डि पि आर बमोजिम सिसिटिभि जडान गरिने कार्यलाई निरन्तरता दिई Digital Urban Security System निर्माण गरी सुरक्षित नगर कार्यक्रम सञ्चालन गरिनेछ ।

६. नगरपालिका भित्रका सम्पूर्ण तथ्याङ्कको डेटा सुरक्षा र गोपनीयता नीति (Data Protection & Privacy Policy) लिइनेछ ।

७. सबै कार्यालयमा उच्च गतिको Internet, Computer, Server तथा अन्य आवश्यक प्रविधिको व्यवस्थापन गरी सेवा प्रभावकारी बनाइनेछ ।

८. नगरपालिका तथा मातहतका कार्यालयबाट सम्पादित कार्यहरूको बुढानीलकण्ठ मोबाइल एपमा अद्यावधिक गरिनेछ साथै विभिन्न सामाजिक सञ्जाल मार्फत नगरवासीमा सूचना सम्प्रेषणको व्यवस्था मिलाइनेछ ।

९. नगरपालिका मातहतका कार्यालयको वेभसाइट, न्यूजपोर्टल र सामाजिक सञ्जाललाई रचनात्मक, अन्तरक्रियात्मक एवं क्रियाशील बनाइनेछ ।

१०. स्थानीय सञ्चार माध्यम तथा पेशागत संघ संस्थासँगको सहकार्यमा सञ्चारकर्मीको व्यवसायी दक्षता अभिवृद्धि गरी सूचना तथा समाचार प्रवाहलाई मर्यादित,विशिष्टिकृत तथा प्रभावकारी बनाइनेछ ।

११. सूचना प्रविधि सम्वद्ध विद्युतिय अपराध नियन्त्रणको लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी विद्यालय स्तर देखिनै अभिमुखिकरण लगायतका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

१२. बुढानीलकण्ठ न्यूज डेस्कलाई स्तरीकरण गरिनेछ।

## ग. सार्वजनिक जग्गा संरक्षण

१. नगरपालिका भित्र रहेका ५ रोपनी भन्दा माथिका सार्वजनिक तथा सरकारी जग्गा नापजाँच सम्पन्न गरिनेछ ।

२. नगरपालिकाका सबै वडामा हालसम्म निर्माण भएका सार्वजनिक भौतिक संरचनाहरूको तथ्याङ्क संकलन गरी अभिलेख राखिनेछ ।

३. सार्वजनिक जग्गा संरक्षण एवं व्यवस्थापन सम्बन्धमा नेपाल सरकार तथा बागमती प्रदेश सरकारसँग आवश्यक समन्वय गरिने छ ।

४. नगरभित्र रहेका सार्वजनिक जग्गामा अतिक्रमण गरी निर्माण भएका भौतिक संरचनाहरूको स्थलगत नाँपजाँच गरी सो को प्रतिवेदन नगरकार्यपालिकामा पेश गरिनेछ ।

५. नगरभित्रका नापजाँच सम्पन्न भएका सार्वजनिक जग्गामा आवश्यकता अनुसार पोल तथा तारवार लगाई सूचना पाटी टाँस गरिनेछ साथै त्यस्ता जग्गालाई सार्वजनिक पार्क लगायतको संरचना निर्माणको लागि प्रयोग गरिनेछ ।

६. संरक्षित जग्गाको उपयोगको विषयमा आवश्यकता अनुसार सर्वदलीय/ सर्वपक्षीय छलफल गरी संरक्षणको क्रियाकलापहरू गरिनेछ ।

७. सार्वजनिक जग्गा संरक्षण सम्बन्धमा ज्ञान तथा सीप साटासाट गर्न अन्तरपालिका भ्रमण गरी अन्य पालिकाका असल अभ्यासलाई जग्गा संरक्षणमा उपयोग गरिनेछ ।

## ६. न्यायिक समिति तथा कानुन

१. नगरपालिकाको न्यायिक प्राणालीलाई प्रभावकारी बनाउन नागरिकसँग न्यायिक समिति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।साथै,जनप्रतिनिधिहरूसँग न्यायिक समिति सञ्चालन गरिनेछ ।

२. न्यायिक कार्यसम्पादनलाई विश्वसनीय, प्रभावकारी र जवाफदेही बनाउने सेवालाई छिटोछरितो र प्रविधिमैत्री बनाइनेछ ।

३. मेलमिलापकर्तालाई पुनर्ताजगी तालिम र कामको नियमित रिपोर्टिङ, प्रगति प्रतिवेदन, अभिलेख व्यवस्थापनको कार्य गरिनेछ ।

४. न्यायिक समिति सम्बन्धी मौजुदा कानूनहरू आवश्यकता अनुसार संसोधन तथा परिमार्जन गरिनेछ।

५. न्यायिक उत्तरदायित्व र जवाफदेहीता अभिवृद्धि गर्न न्यायिक प्रक्रिया सरलीकृत गरी मेलमिलाप निर्देशिका तथा कानुन तर्जुमा गरी कार्यान्वययनमा ल्याइनेछ । साथै न्यायिक समिति र मेलमिलाप केन्द्रले हेर्नुपर्ने मुद्दाको कार्यविधि (म्यानुअल) बनाइनेछ ।

६. मेलमिलाप मार्फत विवादको दिगो समाधान गर्न मेलमिलाप पद्धतिलाई वडा तहसम्म प्रभावकारी बनाइनेछ।

७. कानूनका विद्यार्थीलाई न्यायिक कार्यसम्पादन सम्बन्धमा इन्टर्नशीपको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८. नगरपालिकाद्वारा जारी गरिएका स्थानीय कानूनको आवश्यकता अनुसार संसोधन, परिमार्जन तथा एकीकरण गरिनेछ।

९. न्यायिक समितिले सम्पादन गरेको न्यायिक निरुपणका निर्णय तथा अभ्यासहरूको एकीकृत अभिलेख प्रकाशन तथा प्रशारण गरी न्यायिक सूचना सञ्चार कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. न्यायिक असल अभ्यास आदान प्रदानका लागि अन्तरपालिका समन्वय/ सहकार्यका साथै न्यायिक सभाको आयोजना गरिनेछ ।

## ७. राजश्व व्यवस्थापन

१. नगरपालिकाको आन्तरिक स्रोतको दिगो व्यवस्थापनको लागि राजस्वका दर तथा दायराहरूमा समयानुकूल पुनरावलोकन गरी वैज्ञानिक तथा प्रगतिशील कर प्रणाली अवलम्वन गरिनेछ ।

२. "मेरै नगर मेरै कर पुरा गर्छु मेरै रहर" भन्ने नारालाई सार्थक पार्न करदाता र नगरपालिकासंगसंगै कर मैत्री घरदैलो अभियान सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

३. विद्युतीय राजस्व सङ्कलन प्रणालीलाई थप प्रभावकारी बनाउँदै करदाताहरूको विद्युतीय लगत राख्ने तथा पूर्ण रुपमा विद्युतिय राजश्व भुक्तानीको व्यवस्था मिलाइनेछ।

४. राजस्व प्रशासनलाई प्रभावकारी, पारदर्शी, वैज्ञानिक, प्रविधिमैत्री तथा करदातामैत्री बनाउन आवश्यक प्रबन्ध मिलाइनेछ।

५. नगरको सुन्दरतामा समेत ध्यान दिई विज्ञापनजन्य सामग्रीको नियमन गर्दै विज्ञापन करलाई थप व्यवस्थित गरिनेछ।

६. धारा, बिजुली जडान गर्ने, बैङ्क तथा वित्तिय संस्थाहरूमा कारोबार गर्ने, मालपोत कार्यालयमा घरजग्गा पास, होटेल व्यवसाय नविकरण, कर चुक्ता, कम्पनी अद्यावधिक, उद्योग व्यवसाय दर्ता तथा नविकरण गर्ने लगायतका कार्यहरू गर्दा नगरपालिकामा बुझाउनुपर्ने करहरू (सम्पत्ति कर, भूमिकर, बहाल कर, व्यवसाय कर, विज्ञापन कर आदि। )चुक्ता गरेको प्रमाण पेश गराउने व्यवस्था गर्नको लागि सम्बन्धित निकायहरूसँग समन्वय गरिनेछ।

७. प्रचलित कानुन बमोजिम कर छुट लिने निकायले आफ्नो संस्थागत जग्गा, भवन सार्वजनित हितवाहेक व्यवसायीक प्रयोजनको लागि वहाल आम्दानी गर्ने निकायलाई करको दायरामा ल्याउन अनिवार्य वहाव व्यवसायको रुपमा दर्ता गर्ने नीति लिरइनेछ ।

८. वहाल करलाई व्यवस्थित, मर्यादित, सुरक्षित र भयरहित बनारइ वहाल दर वृद्धीको समयावधिमा एकरुपता कायम गर्न नगर क्षेत्रलाई व्यवसायीक, पुरातात्विक र प्रशासनिक महत्व, सुविधा र पहुँचको आधारमा वैज्ञानिक वहाल दर निर्धारण गर्ने नीति लिरइनेछ ।

९. नगरपालिकाबाट प्रवाह गरिने सेवाका लागि सम्बन्धित करदाताले अनिवार्य रूपमा गत वर्षको कर चुक्ता गरेको हुनुपर्ने व्यवस्था मिलाइनेछ।

१०. राजस्व छली तथा चुहावट नियन्त्रणको लागि आवश्यकतानुसार राजस्व सङ्कलन तथा अनुगमन टोली परिचालन गरी कडाइका साथ नियमन र नियन्त्रण गरिनेछ।

११. कर सम्बन्धी जागरण अभिवृद्धि गर्न स्थानीय टोल विकास समितिहरूसँग समन्वय गरी करदाता शिक्षा तथा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१२. करदातालाई नगरपालिकामा तिर्नुपर्ने करको विषयमा सहजीकरण गर्नका लागि करदाता सहायता कक्ष सञ्चालनलाई निरन्तरता दिइनेछ।

१३. करदाताहरूको वर्गीकरण गरी उत्कृष्ट करदातालाई पुरस्कृत गरिनेछ।

१४. धोबीखोला, विष्णुमती खोला लगायत नदीहरूमा जम्मा हुने बालुवा अनाधिकृत रुपमा उत्खनन एवम् सङ्कलन गरी बिक्री वितरण गरिने कार्यलाई नियन्त्रण गरिने छ । खोलाबाट ढुङ्गा, गिट्टी, बालुवा आदि प्राकृतिक श्रोत परिचालनका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

१५. नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका तर करको दायरामा नआएका निजी विद्यालय, स्वास्थ्य संस्था, सहकारी संस्था, फोहोरमैला तथा सरसफाई व्यवसायी संघ संस्था तथा अन्य औद्योगिक एवं व्यापारिक प्रतिष्ठानहरूलाई करको दायरामा ल्याउन सार्थक पहल गरिनेछ।

१६. राजस्व सुधार कार्ययोजनालाई कार्यतालिका बनाई कार्यान्वयन गरिनेछ ।

## ८. अध्ययन तथा अनुसन्धान

१. बुढानीलकण्ठ नगरपालिकाको लागि आवश्यक विषयहरूमा अध्ययन अनुसन्धान गर्न चाहाने बुढानीलकण्ठ नगरपालिकामा स्थायी बसोबास गर्ने विश्वविद्यालयका (स्नात्तोकोत्तर र विद्यावारिधी) विद्यार्थीहरूलाई सहजीकरण प्रर्वद्धन तथा सहायता प्रदान गरिनेछ ।

२. नगरपालिकाको विषयगत शाखा तथा महाशाखाको कार्यक्रमहरूलाई अध्ययन अनुसन्धानमा आधारीत बनाइनेछ ।

३. अध्ययन अनुसन्धान कार्यलाई दिगो बनाउन नगरपालिकाको सामुदायिक क्याम्पसहरूसँग सहकार्य गरिने छ।

४. नगरपालिकाले विभिन्न बिषयको अध्ययन, अनुसन्धान, र नवप्रवर्तनलाई प्राथमिकता दिई अध्ययन/अनुसन्धानबाट प्राप्त प्रतिवेदन सहितको सिफारिसलाई बजेट व्यवस्थापन सहित कार्यान्वयन गरिनेछ ।

## ९. आर्थिक प्रशासन सञ्चालन

१. आर्थिक प्रशासन सञ्चालन सम्बन्धी गतिविधिलाई पूर्ण रुपमा विद्युतिय सूचना प्रणालीमा आवद्ध गरिनेछ।

२. आर्थिक प्रशासन सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धी ऐन तथा नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐन लगायतका प्रचलित कानुन बमोजिम सञ्चालन गरी पारदर्शी, मितव्ययी, प्रभावकारी, औचित्य पूर्ण र जवाफदेहिता अभिवृद्धि गरिने छ।

३. निर्माणकार्यमा संलग्न उपभोक्ता समिति तथा टोल विकास समितिका पदाधिकारीहरूलाई जिम्मेवार र जवाफदेहि बनाईनेछ।

## १०. आन्तरिक नियन्त्रण तथा वित्तिय जोखिम न्युनिकरण

१. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण प्रभावकारी बनाइनेछ।

२. नगरपालिका कार्यालयको हालसम्मको वेरुजु लगत अद्यावधिक गरी सोको फर्छ्यौयोट गर्नुका साथै बेरुजु न्युनिकरण गर्ने गरी आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित बनाइनेछ।

३. नगरपालिका तथा मातहतको कार्यालयहरूको अनुत्पादक खर्च कटौती गरी चालु खर्चमा मितव्ययिता कायम गरिनेछ।

४. आन्तरिक लेखापरीक्षणको स्वतन्त्रता कायम गर्दै आन्तरिक लेखा परीक्षण प्रभावकारी,वस्तुगत र यथार्थपरक बनाइनेछ।

५. आन्तरिक लेखा परीक्षणले औंल्याएका वेरुजुहरू अन्तिम लेखा परीक्षण हुनु अगावै फर्छ्यौयोट गर्ने गरी प्रभावकारी संयन्त्रको व्यवस्था गर्दै सम्बन्धित जिम्मेवार पदाधिकारी/संस्थालाई जवाफदेही बनाईनेछ ।

६. आर्थिक प्रशासनको पारदर्शिता र विश्वशनियता अभिवृद्धि गर्न नगरपालिकाको आय र व्यय नियमित रुपमा सार्वजनिक गरिनेछ।

## ११. अन्तराष्ट्रिय सम्बन्ध विस्तार

१. विभिन्न देशका स्थानीय तहहरूसँग भगिनी सम्बन्ध स्थापित गरी अनुभव तथा प्रविधि आदान प्रदान गर्नुका साथै नगरपालिकाले छनौट गरेका आयोजनाहरूमा लगानीको वातावरण तयार गरिनेछ ।

२. नेपाल भित्र रहेका विभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ ।

**नगरसभाका सदस्यहरू,**

अन्त्यमा, यस सार्वभौम नगरसभामा पेश भएको नीति तथा कार्यक्रमको आधारमा आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने प्रतिवद्धता व्यक्त गर्दै नगरवासीका आधारभूत आवश्यकता परिपूर्ति, रोजगारी श्रृजना एवं उद्यमशीलताको प्रवर्द्धन, समावेशी, दिगो तथा विकासमुखी शासन सञ्चालन गर्ने अभिप्रायका साथ यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न नगरपालिका पूर्ण रूपमा प्रतिबद्ध रहनेछ।

यस नीति तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन/सहयोग तथा समन्वय गर्नु हुने संघ तथा प्रदेशका माननीयज्यूहरू, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, विषयगत समितिका संयोजक तथा सदस्यहरू, वडाध्यक्ष/सदस्यहरू, राष्ट्रसेवक कर्मचारीहरू, सरोकारवाला पक्ष तथा नागरिक समाज, बुद्धिजिवी, नगरमा क्रियाशील राजनीतिक दल, निजि क्षेत्र, सञ्चारजगत तथा आम नगरवासीलाई यस नीति तथा कार्यक्रम कार्यान्वयनमा सहकार्य र सहभागिताका लागि आह्वान गर्दै, सबैको योगदानप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछौं।